# प्रदेश सभा

## गण्डकी प्रदेश

## विशेष अधिवेशन

## (पहिलो बैठक)

## कार्यवाहीको सम्पूर्ण विवरण

## मिति २०७७।०९।२१ गते, दिनको १:०० बजे

प्रदेश सभा गण्डकी प्रदेशको विशेष अधिवेशनको आजको बैठकको कारवाही माननीय सभामुख श्री नेत्रनाथ अधिकारीज्यूको अध्यक्षतामा १ बजेर ८ मिनेटमा प्रारम्भ भयो ।

## माननीय सभामुखज्यू

माननीय सदस्यहरु प्रदेश सभाको विशेष अधिवेशनको पहिलो बैठकको कारवाही प्रारम्भ हुन्छ । यस प्रदेश सभाको विशेष अधिवेशनको पहिलो बैठकमा उपस्थित सबै माननीय सदस्यहरुलाई हार्दिक स्वागत गर्दछु । सर्वप्रथम माननीय प्रदेश प्रमुख बाट यो अधिवेशन आहवान संवन्धि पत्र प्राप्त हुन आएको छ सो को व्यवहार म पढेर सुनाउछु ।

मिति २०७७९।१२ गते

**विषय गण्डकी प्रदेश सभाको बैठक आवहान संवन्धमा ।**

श्री माननीय सभामुखज्यू,

प्रदेश सभा,

गण्डकी प्रदेश पोखरा ।

नेपालको संविधानको धारा १८३ को उपधारा ३ बमोजिम प्रदेश सभाका १७ जना माननीय सदस्यज्यूहरुबाट विशेषको कोभिड १९ को

नेपालको संविधानको धारा ३५ को उपधारा १ र ३ मा उल्लेखित हक संवन्धमा गण्डकी प्रदेश सभाको अधिवेशन बोलाउन लिखित अनुरोध भइ आएकोले नेपालको संविधानको धारा १८३ को उपधारा ३ बमोजिम संवत २०७७ साल पौष २१ गते मंगलवार दिनको १ बजे देखि प्रारम्भ हुने गरी गण्डकी प्रदेश सभाको अधिवेशन आवहान गरेको छु ।

अमिक शेरचन

प्रदेश प्रमुख

अब संघीय लोकतन्त्र प्राप्तिको लागि जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात शहितहरु प्रति श्रदान्जली अपर्ण गर्न एक मिनेट मौन धारण गरौ ।

शुरु ..................

धन्यवाद ।

माननीय सदस्यहरु, हाल नेपाल लगाएत विश्वभर फैलिएको कोभिड १९ को माहामारीको कारण हामी प्रभावित भएका छौ । यस माहामारीबाट ज्यान गुमाउन पुगेका देश तथा विदेशमा रहनु हुने संपुर्ण नेपालीहरुमा हार्दिक श्रदान्जली अर्पण गर्दछु । साथै यस माहामारीबाट प्रभावित भएका सम्पुर्ण नेपालीहरुमा शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

माननीय सदस्यहरु, अब यस सभाको विशेष अधिवेशनको प्रथम बैठकको अवसरमा माननीय सदस्यहरुलाई आफ्ना भनाई राख्न समय दिन्छु ।

सर्वप्रथम म माननीय हरिशरण आचार्यलाई बोल्न समय दिन्छु ।

## माननीय हरिशरण आचार्यज्यू,

हामी कोभिड १९ को एउटा संक्रमणको परिवेशमा सारा विश्व ताइराम भैराखेको र नेपालको संर्दभमा त्यसले अझ बिस्तारित रुप लिदै गैराखेको, नयाँ नयाँ रुप ग्रहण गरिराखेको यो परिस्थितिमा आज नेपालको संविधान २०७२ को

धारा १८३ (३) अन्तर्गत माननीय प्रदेश प्रमुखको समक्षमा हामी १७ जना माननीय सदस्यज्यूहरुको हस्ताक्षरसहित विशेष गरी नेपाली काँग्रेस र जनता समाजवादी पार्टीको संसदीय दलका नेतासहित संपूर्ण माननीयज्यूहरुको हस्ताक्षरमा जुन निवेदन राख्यौ, त्यो निवेदनको आधारलाई मानेर आज विशेष अधिवेशन सायद घोषणा भएको छ । आज हामी यहि विशेष अधिवेशनको संर्दभमा हामीले यो नेपालको जटिलता, यो नेपालको आफ्नो परिवेश यो सबै चिजलाई हेर्दै अझ यसो भनौ राजनीतिको नयाँ भूपरिमाण यो एउटा संक्रमणमा जबडिएको यो अवस्थामा हामी यो अधिवेशन शुरु गरिराखेका छौ । मलाई यतिबेला दुइटा कुराको याद आइराखेको छ, एउटा कुरा हिजो हामीले आन्दोलनत ती मोर्चाहरु आन्दोलनका ती धेरै उताब चढावहरु अनि आन्दोलनका धेरै महत्वपूर्ण क्षणहरु गुजार्दै गुजार्दै यहासम्म आउदाखेरी हामीले धेरै महान योद्धाहरु, महान क्रान्तिकारी नायकहरु, महान आर्दशका दिव्य इतिहासहरु निर्माण गर्ने, घुमाउने सबै चिजहरु त्यो प्रकिया पुरा गरेर यहासम्म आइपुगेका छौ । त्यसैले यतिबेला हामी संघीय लोकतान्त्रीक गणतन्त्रको एउटा छत्रछहारी मुनी हामीलाई उभिन पाउनु गर्वको कुरा छ । तर लोकतन्त्रको एउटा मुल्यमान्यता संघीयताको एउटा इतिहास निर्माण अनि नेपालको राजनीतिक परिघटनालाई अरु नयाँ उचाईमा उठाउने कुरा सायद हामी सबैको कर्तव्य हो । यहि कर्तव्यबोधका साथ इतिहासमा आफ्नो नाम लेखाएर मर्ने अथवा इतिहासमा आफुलाई एउटा स्वर्णीम भविस्य कल्पना गर्ने एउटा नायकको रुपमा उभ्याउने ती महान योद्धाहरु जसले हामीलाई यो ठाउँमा ल्याउनका निमित्त महत्वपूर्ण योगदान गर्नुभएको छ  ती महान शहिदहरु प्रति म हार्दिक श्रद्धान्जली अर्पण गर्न चाहान्छु । र यसैगरी आज नेपालको पूर्व मेची देखि पश्चिम महाकालीसम्म हिमाल,पहाड, तराई सबै ठाउँमा नेपाली जनता कोभिड १९ अथवा त्यसका नयाँ रुपका धेरै नामाकरणसहितका महाव्याधीबाट आक्रान्त छन, ती सबै आक्रान्त मनहरु यतिबेला छट्पटीरहेका छन र नेपालको सबै भूधरातलमा त्यो संक्रमण पुगिसकेको छ । आज कुनैपनि ठाउँ बाँकी छैन भने आज नेपाल सरकार अनि प्रदेश सरकार हामी सबैको दायित्व र कर्तव्य ती

संक्रमितहरुको ज्यान कसरी बचाउने अनि त्यो संक्रमण दरलाई कसरी घटाउने अनि फेरि नेपालको संर्दभमा हामीले त्यो रोगसँग कसरी लड्ने भन्ने कुराको एउटा नयाँ योजना हामीले निर्माण गर्न जरुरी छ । त्यसैले त्यो योजना आज हामी छलफल गर्न नयाँ ढंगले सोचीराखेका छौ । अनि आज त्यहि संक्रमणमा परेर ज्यान गुमाउनु हुने नेपाली जनता जसले कसैले औषधि नपाएर, हस्पीटलका बेड नपाएर अथवा जनताले आफुले राज्यप्रतिको त्यो अनुभूति गर्न नपाइकन मर्नुपर्ने जो परिस्थिति सिर्जना भयो उहाँहरुप्रति म हार्दिक श्रद्धान्जली अर्पण गर्न चाहान्छु र यो कोभिड १९ कोरोना भाइरसका कारणले संक्रमित भएर आफु रोगसँग लडीराख्नु भएका ती लडाकु योद्धाहरुलाई पनि म शीघस्वास्थ्य लाभको कामना गर्न चाहान्छु । र आज हामी यो विशेष अधिवेशनको यो प्रारम्भिक चरणमा जुट्दै गर्दा विशेष अधिवेशनको माग गर्दे गर्दाखेरी हामीले चार वटा विषयवस्तुलाई केन्द्रविन्दुमा राखेर विशेष अधिवेशनको माग गरेका हौ ।  यो विशेष अधिवेशन एउटा कोभिड १९ का विषयवस्तु, जसले नेपाललाई आक्रान्त बनाइराखेको छ कोरना भाइरसका कारणले हजारौ मान्छे संक्रमित भएर अहिले नेपालको अर्थतन्त्र थिलो थिलो भैराखेको छ एकातिर अर्कोतिर त्यसैको कारणले बेराजगारी समस्या एकपछि अर्को झन पछि बढ्दै बढ्दै गैराखेको छ सारा नेपालीहरु कहाँ गएर कसरी आफ्नो जीवन व्यथित गर्ने भन्ने खालको समस्या पैदा भैराखेको छ । अर्कोतिर फेरि हामीले हाम्रा विकासनिर्माण र हाम्रा चाहि कार्यक्रमहरु सरकारले जति योजनाहरु निर्माण गरिराखेको छ, ती योजनाहरुलाई कसरी कार्यान्वयन गर्देछ अथवा के कारणले ढिलाइ भैराखेकोछ ती योजनाका कार्यान्वयनका संर्दभका विषयवस्तुहरु अनि विकास र समृद्धिसँग जोडिएको विषयवस्तु त्यो सँगसँगै आएकोछ अनि आज हामी कोरोना मात्रैको कुरा होइन, दिन दिनै हामीले उत्पादन गर्ने कुराहरु केहि सस्तो हुदैजाने अनि विदेशबाट अन्यत्रैबाट आयातित कुनै चिजहरु महंगो हुदै जाने अनि जनताले त्यसको महंगीको मार खेप्नुपर्ने परिस्थितिको सिर्जना भैराखेको छ । आज राज्यले त्यो मंहगीलाई नियन्त्रण गर्न नसकेको त्यो परिस्थितिको सिर्जना भैराखेकोछ । यो विषयवस्तुहरु हामीले

विशेष अधिवेशनको मुख्य एजेण्डाहरु बनाएर आज हाम्ले माग गरेका छौ । आज यी विषयवस्तुहरु धेरै ठाउँहरुमा अउत्तरित विषयहरु हुन सक्छन । तर कतिपय चिजहरु यस्तो हुन सक्छन कि हामीले नचाएका, नसुनेका अनुत्तरित प्रश्नहरु पनि यदाकदा नउड्लान भन्न सकिन्न तर उठ्दाखेरी त्यसको सेफल्याण्डीङ कसरी गर्न सकिन्छ अनि त्यो विषयवस्तुहरुको हल र निकास कसरी खोज्न सकिन्छ सायद विशेष अधिवेशनले धेरै चिजहरुको गाँठो फुकाउनेछ मैले आशा र अपेक्षा गरेकोछु र यो संर्दभमा म यो विशेष अधिवेशनको यो संर्दभमा हाम्रो दलको तर्फबाट विशेषगरी जनता समाजबादी पार्टी नेपाल संसदीय दलको तर्फबाट यो विषयवस्तु अहिले सामरिक महत्वको विषयवस्तु हो र सबैले चासो र सवैको खोजपूर्ण विषयवस्तुहरु पनि हुन र नेपाली जनताले यो संसदप्रति यो संसद नेपाली जनताप्रति कति उत्तरदायी छ अथवा मानौ हाम्रो प्रदेश गण्डकी प्रदेशका आम जनताले यो संसदप्रति फर्केरै यो पट्टी फर्केर हेर्ने खालको यो परिस्थिति बनाउन सक्छौ कि सक्दैनौ यो संसद जनताको संसद हो यो संसद जिम्मेवार संसद हो भन्ने खालको बनाउन सक्छौ कि सक्दैनो हाम्रो दायित्व र कर्तव्य पुरा गर्न सक्छौ कि सक्दैनो आज हामीले यो विशेष अधिवेशनबाट हामीले राम्रो संदेश यो पनि दिन जरुरी छ । आज हामीले त्यो दिन सक्छौ कि सक्दैनौ सायद हाम्रो बिचमा यो विषयवस्तु महत्वपूण विषयवस्तु छ  मैले अनुभूत गरिराखेकोछु । आज नेपालको राजनीतिक परिघटना हामीले सोचेको संविधान निर्माण गर्दाखेरी हिजो हामीले सोचेको मुलुकलाई आर्थिक, राजनीतिक, साँस्कृतिक, धार्मिक अरु सबै हिसावले रुपान्तरण गर्नुपर्छ भनेर हामीले सोच्यौ तर आज रुपान्तरणको मुल कुरा आज हामीले रुपान्तरण गर्न नसक्दाखेरी राजनीतिक रुपान्तरणले ठीक ढंगले गर्न नसक्दाखेरी आज यो मुलुकको ढुंगा नदीमा तैरिएको अवस्था छैन डुब्न लागेको अवस्था छ । यो ढूंगा हामीले त सायद भनेका थियौ, हाम्रै दलको कुरा हो हाम्रो दलको संघीय परिषदको अध्यक्ष डा. बाबुराम भट्टराईले यो संविधान आधा गिलास छ यो अपूर्ण छ संपूर्ण जातजाती,क्षेत्र, लिङ्ग, उत्पीडित समुदाय सबैको यो अपूर्णताको बीचबाट संविधान बनिराखेको छ । सायद सबैले

उत्कृट संविधान भन्दै गर्दाखेरी  उहाँले अपूर्ण छ भनेर भन्दाखेरी सबैले उल्लु बनाए । आफैले सिग्नेचर गरेको संविधान लाई आज फेरि त्यो उल्लु बनायो भनेर अपूर्ण छ भनेर अस्विकार गर्‍यो भन्ने कुराहरु चाहि एउटा भ्रम प्रचार गरियो । तर मलाई अनुभूत छ आज त्यो धेरै चिज आज नेपाल स्थिर राजनीतिक प्रणालीमा किन जान सकेन, आज हामी राजनीतिक संक्रमणकालको अर्को नयाँ परिघटनामा उभिएका छौ । यो राजनीतिक संक्रमणकालले हामीले यस्तै खोजेका थियौ, हिजो संघीय गणतन्त्र नेपालको स्थापना गर्दै गर्दाखेरी संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापना गर्दै गर्दाखेरी २०७२ सालको संविधानको निर्माण गर्दै गर्दाखेरी संविधानको प्रस्तावनासहितको संघीय लोकतान्त्रिक गणतन्त्रको मूल्य मान्यतालाई आज हामीले लात मार्ने हो भने हाम्रो नैतिक दायित्व कहाँ छ ? आज हामीले त्यो संविधानको मुल प्रस्तावनालाई आज हामीले फाल्दियौ भने हाम्रो नैतिक दायित्व र कर्तव्य कहाँ छ ? आज हामीले यो चिज ठीक ढंगले अनुभूत गर्नुपर्छ कि पर्दैन ? आज नेपालको यो संविधानलाई कार्यान्वयन गर्ने कुरा आज हामी संघीयताको नयाँ मोडलमा जाने भनेर नेपालको नयाँ मोडालिटीको बारेमा हाम्ले छलफल गरिराखेका छौ भने यो संघीयताको मुल विषयवस्तुलाई आज प्रदेशका हरेक अंगहरुमा, स्थानिय तहका हरेक अंगहरुमा सबै ठाउँमा हाम्ले पुर्‍याएर त्यसलाई ठीक ढंगले कायाएन्वयन गर्न किन सकिराखेका छैनौ ।  आज एकातिर हामी कार्यान्वयन गर्न चुकिराख्ने अर्कोतिर संघीय लोकतन्त्रका पक्षधर भनेर आफुलाई स्वघोषित त्यसका पक्षधरताका मालिक बनाइदिने यस्तो खालको खतरा नेपालको राजनीतिमा सबैभन्दा जटिल समस्याको रुपमा देखा परिराखेको छ । एकातिर नेपालको राजनीतिक घटनाक्रमको हिसावले हेर्दाखेरी सबै चिज फालदिने छोड्दिने अनि त्यस पछाडि आफुलाई अव्वल क्रान्तिकारी दर्जाको नामाकरण गर्ने यो स्वघोषित राजनीतिकरणको विधि जतिबेलासम्म अन्त्य हुँदैन, त्यतिबेलासम्म नेपालमा हामीले चाहेको राजनीतिक स्थिरता कहिल्यैपनि कायम हुन सक्दैन । मैले अनुभूत गरेको कुरा त्यो हो । हामी साच्चै यो नेपालको राजनीतिक परिघटनामा हामीले आफुलाई अब्बल

मान्ने हो भने बनाउने हो भने हामी एकपटक यो राजनीतिक अस्थिरताको अन्त्य गर्नका निमित्त हामीले एउटा नयाँ संकल्प गर्नैपर्छ । त्यो भनेको हामी २, ४ वटा भोट लिएर २०,३० हजार भोट लिएर चाहि मन्त्री, प्रधानमन्त्री बन्ने कुरा राष्ट्पति बन्ने कुरा अरु जुनसुकै बन्ने हो भने पनि हामी त्यो एउटा सहायक कुरा हुन्छ । अहिले त्यसैको परिघटनाको रुपमा अहिले नेपालको राजनीतिक घटनाक्रम देखापरिराखेको छ । यो अस्थिरताको कारण त्यही बनिराखेको छ त्यसैले म भन्न चाहान्छु, यो मुलुकमा अब ५१ प्रतिशत जनताले भोट हालेको मान्छे यो मुलुकको कार्यकारी प्रमुख जतिबेलासम्म बन्दैन त्यतिबेलासम्म यो मुलुक कहिल्यै स्थिर बन्न सक्दैन सायद यो हाम्रो पार्टी हाम्रो दलको धारणा के हो भने हामी जतिबेलासम्म यो मुलुकमा अस्थिरता रहन्छ त्यतिबेलासम्म विश्वका सबै गलत प्रवृत्तिहरुले खेल्ने ठाउँ पाइराख्छन अनि अस्थिरताको बिचमा फेरि यहाँ केहि गलत प्रवृत्ति नेपालमा पनि सल्बलाइराखेका छन ती सल्बलाएका गलत प्रवृत्ति एकातिर मैले देख्छु । कि एकातिर पूर्व राजावादीहरु आफु जो अहिले सक्रिय भएर हिडिराखेका छन, अर्कोतिर अर्को डिजाइन भएर नेपालमा अर्को राजनीतिक अस्थिरता थोपरिन्छ अनि त्यस पछाडि त्यो बीचमा नाच नाच्नेहरु, आ आफ्नो डम्फु बजाउनेहरु आज यो मुलुकलाई अस्थिरतामा लैजानेहरु को हुन ? जो आफुलाई अब्बल दर्जाका क्रान्तिकारी मान्नेहरुले आज मुलुकलाई अस्थिरतामा लैजाने त्यस पछाडि अरुलाई दोष थोपरेर अरु माथि भ्रम सिर्जना गरेर अराष्ट्यि र परिवर्तन विरोधी भन्नेहरु आज यो सबै चिजको प्रमाण जनताको बीचमा साछी छ । यो सबै चिजको प्रमाण जनता कै बीचमा ताजा छ । यलाई हामीले धेरै व्याख्या गर्नुपर्ने जरुरी छैन र पनि म अनुरोध गर्न चाहान्छु आज हामी आम जनतालाई पनि अपील गर्न चाहान्छु कि नेपाल अस्थिरताको कारण एउटै मात्रै कारण हो अब जनता हामी जनप्रतिनिधिहरु पनि सचेत बन्नुपर्ने जरुरी छ जस्तो मलाई लाग्छ कि  हामीले नेपाललाई अस्थिरताको अन्त्य गरेर स्थिर राजनीतिक प्रणालीमा लैजाने हो भने ५१ प्रतिशत जनताले अथवा प्रत्यक्ष कार्यकारी प्रणालीमा नजाउनजेलसम्म जतिबेलासम्म शक्ति सर्घषको अन्त्य नहुन्जेलसम्म

यो नेपालमा स्थिर राजनीतिक प्रणाली शूरु हुदैन त्यो नहुन्जेलसम्म नेपालको आर्थिक, राजनीतिक रुपान्तरण त्यो संभव पनि छैन भन्ने कुरा अहिलेको राजनीतिक संक्रमणकाल अहिलेको राजनीतिक घटनाक्रमहरुले त्यो पुष्टी गरिराखेको छ भन्ने कुराको विषयवस्तु यहाँ जगजाहेर छ । यो जानकारी म यहाँहरुलाई गराउन चाहान्छु र अर्को कुरा हामीले चाहि संसदीय मुल्यमान्यताको आधारमा जे कुरा स्थापित गरिराखेका छौ, हिजो नजिर जे बनेको छ, त्यसैलाई प्रचलनको रुपमा मानेका छौ । तर संविधानले त्यसो भनेको छैन । संविधानले जे भनेको छ, त्यो संविधानको धारा धारा केलाएर आज लागू गर्नुपर्ने ठाउँमा संविधानको अपव्याख्या गरेर संविधानको गलत ढंगले चाहि धाराहरु केलाएर अनि आज संविधानलाई गलत ढंगले प्रस्तुत गर्ने काम जुन भैराखेको छ, साच्चै हाम्रो लागि ठुलो दुर्भाग्यको कुरा हो । २०७२ साल असोज ३ गतेको जुन मुल्यमान्यता र एउटा आर्दश छ त्यो मुल्यमान्यता र आर्दश आज सिध्धीसकेको स्थिति छ तेलाई बचाउने हो भने त्यो सिध्धी सकेको स्थितिलाई बिउताएर नयाँ ठाउँमा उठाउने हो भने हामीले एकपटक नयाँ संकल्प गरनैपर्छ त्यो संकल्प भनेको एउटा राष्ट्रिय एकता हो । त्यो राष्ट्रिय एकता हाम्ले दिन सक्छौ कि सक्दैनौ हामी आर्थिक, राजनीतिक रुपान्तरणका निमित्त हामी सबैभन्दा अग्र भागमा उभिएर नेपालको सार्वभौमसत्तालाई रक्षा गर्नका निमित्त हामी एकतावद्ध भएर अगाडि बढ्न सक्छौ कि सक्दैनौ महत्वपूर्ण प्रश्न यो हो । यदि त्यो हुन सकेन भने आ-आफ्नो डम्फु बजाउन सबैले जानेकै छन । डम्फु बजाउन कसैर्ले सिकाउनुपर्ने जरुरी नै छैन । त्यसैले त्यो हामी अहिलेको परिस्थितिमा सबै कुराहरु अनुभूत गर्दै गदै आज राजनीतिक नयाँ घटनाक्रमको बीचबाट हामी विशेष अधिवेशनमा सहभागी भइराखेका छौ । हामीलाई त माथि के हुन्छ थाहा थिएन तर थाहा नपाउदा नपाउदा पनि ज्योतिषीले पात्रो हेराएर यो भेटै नहोला कि जस्तो आशंका  यो परिस्थितिमा चाहि राखिदिया जस्तो यो विशेष अधिवेशन बनेको छ । यसो हेर्दाखेरी त्यस्तै अनुभूति पनि हुन्छ । हामी ठट्टा ठट्टाको बीचबाट साच्चै तपाईहरुले अगाडि नै जानकारी पाउनु भए छ कि यस्तो यो भोली

प्रदेशसभा स्थानिय तह अन्य जनताका निर्वाचित निकायहरु यसरी नै फालिदै जान्छन, खोसिदै जान्छन कि तपाईहरुले यो ठीक बेलामा भेट्ने अवसर मिलाइदिनु भो भन्या जस्तो यस्तो प्रकारको विशेष अधिवेशन बनेकै छ । तर पनि फेरि के हो भने देखि यो विशेष अधिवेशनको एउटा मर्म विशेषगरी जनतासँग सरोकार राख्ने विषयवस्तुहरु जो मंहगीको विषयवस्तु, रोजगारीको विषयवस्तु कोभिड १९ ले अथवा कोरोना भाइरसको कारणले आक्रान्त भएको मुलुकलाई फेरि अझै सहज बनाउनका निमित्त असहज परिस्थितिमा अगाडि बढीराखेको मुलुकलाई सहज बनाउनका निमित्त राज्यलाई अझै जिम्मेवार बनाएर प्रस्तुत गर्ने कुरा आज हाम्रो बीचमा छन् । त्यसैले यी सबै कुरा हाम्रा साझा विषयवस्तुहरु हुन र यलाई साझा रुपमा लिएर जाने हामी प्रयत्न गर्नेछौ र अहिले यी साझा विषयवस्तुहरुलाई नजरअन्दाज नगरीकन हामी एक ठाउँमा उभिने प्रयत्न सायद सबै दलका नेताज्यूहरुले यो विषयवस्तुलाई सायद ल्याउनु हुनेछ म आशा र अपेक्षा गर्न चाहान्छु । आज यति भन्दै गर्दाखेरी हामीले विशेषगरी प्रदेश सरकारले के कति काम गरिराखेको छ भन्ने कुरा दिनको घाम झै छर्लङ् छ । हामीलाई त प्रदेश सरकारका मन्त्रीज्यूले पटक पटक भन्ने गर्नुहुन्छ हामी कार्यान्वयनमा एकदमै स्पीड्ली लागिराख्याछौ भन्नु हुन्छ तर मलाई अच्चम लाग्छ । एउटै मात्र उदाहरण म दिन चाहान्छु, हामी प्रदेशको ३६ वटा निर्वाचन क्षेत्र छ ३६ वटा निर्वाचन क्षेत्रभित्र एउटा प्रमुख सडक छ, त्यो प्रमुख सडक आज सबैलाई गिज्याइरहेको छ । हामी कत्तिको स्पीड्ली गइराखेकाछौ । कति गतिकासाथ काम गरिराखेकाछौ भन्ने कुरा त त्यो नै काफी उदाहरण छ नि । त्यसैले म अनुरोध गर्न चाहान्छु, विशेषगरी सरकारसँग हामी आज ३ वर्ष करिव करिव बित्न लागिसकेको छ करिव करिव ३ वर्ष बित्न लाग्दाखेरी हामीले चाहि कुन चाहि विश्वविद्यालय बनाएर त्यसको शुरुवात गर्न सक्यौ । हामी कुन चाहि प्राविधिक शिक्षालयहरु निर्माण गर्न सक्यौ । अनि अर्को वेरोजगार समस्यालाई हल गर्नका निमित्त थोरै एउटा कदम के चाँहि चाल्न सक्यौ । अनि हामीले कुन चाँहि जनताको जीवनस्तर बदलिने कुन चाँहि कार्यक्रम ल्याउन सक्यौ । आज हामी प्रत्येक

घरमा एक घर एक धाराको नीति बनाएर अगाडि बढिराखेका छौ । कुन चाँहि जिल्लामा एक घर एक धाराको कार्यक्रम पूरा भयो । कुन चाही ठाउँमा त्यो विषयवस्तु आज ३ वर्ष करिव करिव बित्दा खेरी कुन चाही ठाउँमा झलमल बत्ती बल्ने सबै ठाउँमा यो उज्यालो प्रदेश भयो भनेर चाही त्यो परिस्थिति सिर्जना गर्न सकेका छौ । कहाँ छ त्यसैले प्रदेश सरकारसँग मेरो अनुरोध छ, कि कुन चाही कार्यक्रम हाम्ले ठीक ढंगले बनाउन सकेका छौ । आज कोभिड १९ का कारणले जनशक्ति नपुगेर कतिपय ठाउँमा ५ जनाको दरवन्दी छ, एकजनाले काम गर्न परेको परिस्थिति छ । डाक्टर छैन, त्यहाँको नर्स छैन अनि अरु त्यहाँको सहयोगीहरु छैनन अनि त्यसपछाडी त्यहाँ चाहि कोभिड १९ को उपचार कसरी गर्न सक्छ । अनि त्यसपछाडि हाम्ले सुविधा हामीले सरकार यहाँनेर खाली भएको ठाउँको त के कुराले रोकेको छ तेलाई पुरा गर्नको निमित्त । सरकारले एउटा विधि बनाएर गर्न सक्थ्यो होला नि त अल्पकालिन विधि बनाएर तत्काल यो कारणले संकट आखिरी स्वास्थ्य संकटकाल त घोषणा गरेकै छ सरकारले । स्वास्थ्य संकटकाल घोषणा गरिसके पछाडि त्यो संकटकालको आधारलाई टेकेर सरकारले किन जनशक्ति फेरि भर्नाका निमित्त एउटा प्रयत्न किन गर्न सक्दैन । कारण के छ । अनि जनशक्ति अपुग भएर मान्छे उपचार नपाएर मर्नुपर्ने त्यो परिस्थिति कसरी सिर्जना भैराखेको छ यो कुराहरु प्रति सरकार कति जिम्मेवार छ । त्यसैले सरकार जिम्मेवार बन्नुपर्ने यी कुराहरु सायद हामीले उठाइदिनुपर्ने । हामी प्रतिपक्ष हुनुका नाताले त्यतापट्टी जिम्मेवार बनाउनुपर्ने कर्तव्य सम्झेर आज विशेष अधिवेशनको माग गरेका छौ। त्यसैले यो विशेष अधिवेशनको यो अवसरमा यहाँहरुप्रति यो विशेष अधिवेशनको एउटा महत्वपूर्ण एउटा अभियान त्यले पुरा गर्नेछ र यसका निम्ति यहाँहरुले साथ दिनुछ । यो अभियानमा सहभागी भएर त्यसलाई एकताबद्ध भएर हामीले एउटा संदेश दिन हामी तयार हुनेछौ यहि आशा र अपेक्षाकासाथ सबैमा यो अधिवेशनको शुभकामना साट्दै विदा हुन चाहान्छु । धन्यवाद । नमस्कार ।

## माननीय सभामुख

माननीय सदस्यहरु, अब म माननीय कृष्ण थापालाई बोल्न समय दिन्छु ।

## माननीय कृष्ण थापा

माननीय सभामुख महोदय, सर्वप्रथम म विशेष अधिवेशनको सफलताको शुभकामना व्यक्त गर्न चाहान्छु । यो विशेष अधिवेशन सर्न्दभमा प्रदेश सभाका २ दलका माननीयज्यूहरुले संयुक्त विशेष अधिवेशनको माग गरौ भनेर हामीलाई पनि कुरा राख्नु भएको थियो र हामीले सोधेका थियौ तपाईहरुको एजेण्डा के हो भनेर हामीले सोधेका थियौ । यस संर्दभमा उहाँहरुले विशेष कोभिड नै हो भनेर भन्नु भाको थियो । र कोभिड सर्न्दभमा हो भने हामीले धेरै छलफल संकल्प प्रस्तावकै रुपमा छलफल गरेका हौ । र भर्खर स्थगित भएको अधिवेशन पुन विशेष भनेर किन जानु पर्‍यो र भनेर हामीले सँगै जाने सहमती गरेनौ । हामीले अधिवेशन अन्त गर्दा विशेष गरेर अहिले विशेष अधिवेशन माग गर्ने माननीयज्यूहरु, दलहरुले यो कोभिडको कारण छिटो छिटो अन्त गरौ नबढाउ नबढाउ भनेके थियौ । त्यसले गर्दाखेरी हामीले के ठानेका थियौ भने अब करिव छिटै अधिवेशनहरुको अधिवेशन शुरु हुन्छ र त्यो अधिवेशनमा धेरै एजेण्डाहरुको विषयमा पनि छलफल गर्न सकिन्छ भनेर नै हामीले त्यो विशेष अधिवेशनमा जाने सँगै जाने सहमती व्यक्त गरेनौ । त्यहीपनि हामीले के भन्न चाहान्छौ के हुन्छ त भने संविधानले विशेष अधिवेशनको माग गर्ने प्रावधान राखेको हाम्ले भेटायौ । तर विशेष अधिवेशन संचालन भैसकेपछि कुन विधी अपनाएर अगाडि बढ्ने त भन्ने संविधानले पनि, संघीय नियमावलीले पनि, प्रदेशको नियमावलीले पनि स्पेशलता कोरेको देखिएन । त्यसले गर्दाखेरी हिजो र आजको कार्यव्यवस्था परामर्श समिति त्यसमा विशेष मुख्यमन्त्रीको उपस्थितिले एउटा समझदारी बनेको छ अ मलाई लाग्छ त्यो समझदारीले हामीले गहनतासाथ छलफल गर्नेछौ र जसरी यो विशेष अधिवेशनको संर्दभमा कोभिडको विषयमा लगायत अरु तीन वटा विषयमा हामीले एउटा निष्कर्ष निकाल्ने भनेर एउटा समझदारी गरेका छौ । मलाई लाग्छ त्यो समझदारीमा

हामी एकदम छलफल गरेर साझा एजेण्डा बनाएर हामी जाने छौ भन्ने मलाई लाग्दछ । अहिले हामी जुन अवस्थामा उभिएका छौ देशको धेरै गंभीर अवस्थामा उभिएका छौ जस्तो मलाई लाग्छ । आज यो सदनमा उभिदा हाम्रो यो उपस्थिति कस्तो हुने होला भनेर असाध्यै खुलदुल खुलदुल भएर मनमा असाध्यै मनमा खुल्दुल खुल्दुल भएर आएको थियो । यसो हेर्दा खासै परिवर्तन देखिएन भित्र मनमा के छ केछ तर बाहिर चाहि केहि देखिएन । यो सारै राम्रो छ । मेले हिजो के भनेको थिए भने नयाँ परिस्थिति सिर्जना भयो भने के गर्ने भनेर मैले यहाँ केहि माननीयज्यूले केही दलहरुले सोध्नु भाथ्यो । अ देशमा प्रतिगमन निम्त्याउनु हुदैन र सहमतीमा हाम्ले धेरै एजेण्डाहरुलाई मिलेर जान पनि सकिन्छ र त्यो कुरामा गर्ने कुरामा कोशिस गर्नुपर्छ हामीले भनेका थियौ । केहि दलका माननीयहरुले त्यसरी त अब सकिएला र हाम्रो मन त धेरै थाकी सक्यो चुडीसक्यो र भन्नु भाथ्यो । अब यो कतिसम्म मन फाटेको हो कतिसम्म चुडिने हो अब भविष्यले नै पुष्टी गर्ला । तर अझै म भन्न चाहान्छु कि हामीले गएको निर्वाचनमा देशमा लामो समयसम्म अस्थिरता कायम भयो । सत्तामा बसेर जनताका समस्याहरुमा पहिचान हुन सकेन अस्थिरता जनताको समस्याको पहिचान गरेर स्थायी सरकार हुनुपर्छ हामीले भनेकै हो । त्यो बेला सबैको मलाई लाग्छ जनताको अभिमत पनि त्यही प्रकारको भयो । तर देशमा त्यो हुन सकेन सारै विडम्बनाको कुरा हो । इतिहास कहिलेकाही दोहोरिन्छ भनेर हामीले सुनेका थियौ पढेका थियौ तर इतिहास त नेपालको त चौरिने भयो क्या हो । जुन जोगी आएपनि उहि कानै चिरेको हुनि । हिजो राजा ज्ञानेन्द्रले प्रतिगमन गरे । हाम्ले त्यसको विरोध गर्न पर्‍यो । हिजो गिरिजा प्रसाद कोइरालाले प्रतिगमन गर्नु भो संसद विघटन गर्नु भो हाम्ले त्यसको विरोध गर्न पर्‍यो, मनमोहनजीले संसद विघटन गर्नु भो त्यसको विरोध गर्नु पर्‍यो र अहिलेको प्रधानमन्त्री के.पी. शर्मा वलीले पनि के गर्नु भो संसद विघटन गर्नु भयो । झिनो बहुमत भानि हुन्थ्यो नि दूई दूई तिहाई लिएको सरकारले जब प्रतिगमन संसद विघटन गर्छ भने यो नेपाली जनताको कुनै हालतमा नि यो राम्रो काम होइन र यसले सामन्तवादलाई

सामाराज्यवादीहरुलाई मद्दत गरेको छ । अब सामन्तहरुले सामाराज्यवादीहरुले के गरेका छन त भने नेपाललाई अस्थिर बनाएर नेपाललाई कमजोर बनाउन चाहान्छन । जनतालाई सार्वभौम बनाउन चाहान्न र हामी त्यसको गोटी बन्न हुन्न यो नेपाली जनताको साह्रै दुखत प्रश्न हो । यसकारण हामी के भन्छौ त भने यो प्रतिगमन सच्चीनुपर्छ । निर्वाचित जनप्रतिनिधिहरु विघटीत हुनु हुदैन । कम्तीमा पनि यो संसदीय व्यवस्थाको एउटा सामान्य नियम्स् होला नि । एउटा अवधि पुरा भएपछि निर्वाचन हुने, निर्वाचन भइसकेपछि बहुमतले शासन गर्ने, अल्पमतले प्रतिपक्षमा बस्ने यो त  हामीले घोकाइराखेको कुरा होइन र । तर पनि हामी यो नोम्स्मा रहन सकेनौ भने देशले अस्थिर अवस्था सिर्जना गर्छ र नेपाली जनताले जुन आशा गरे त्यो आशा निराशामा परिणत हुन्छ । जब निराशामा परिणत हुन्छ भने राणा जस्ता निरंकुशताहरु, पंचायतका जस्ता निरंकुशताहरु अहिले जसरी माटामा मिलिएको छ नि आगामी दिनमा त्यसरी माटामा मिलाइन्छ यो कुरा हामी सबैले हेक्का राख्नुपर्छ भन्ने मलाई लाग्छ र एउटा नेपाली उखान छ हेर्नु, अभागीलाई खानेबेलामा रिस उट्छ भन्ने । पहिला पहिला म सानो हुदा आमाले मासु पकाएको बेला, आमाले अलि थोरै दुध दिएको बेला झगडा गर्थ्यौ के । होइन किन थोरै भनेर झगडा गर्थ्यौ । त्यसबेला आमाले के भन्नुहुन्थ्यो भने अब यी जावेहरुलाई खानेबेलामा रिस उठ्छ भनेर हाम्लाई गाली गर्नुहुन्थ्यो । आज त्यस्तै भाको छ हेर्नु । दुइतिहाई लिएको नेकपा लामो समय ५ वर्ष सत्तामा गरेर बस्ला भन्दा त राम्रसी चलाउला भन्दा त कल गरेर झगडा गरेर राम्रो शासन चलाउने बेलामा त्यही उखान भाछ । त्यसकारण यहाँहरु समक्ष म के अनुरोध गर्न चाहान्छु भने यो नेपाली उखान चरितार्थ नगर्नुस् । यले नेपाली जनतालाई निराश बनाउछ । र निराश बनाएको छ । यो साह्रै दुखत पक्ष हो । र अहिले हाम्ले वास्तवमा एउटा पक्ष पनि के देखेका छौ त भने साह्रै राजनीतिक अनियमिता व्यवस्थाहरु हाम्ले देख्यौ हेर्नु । यो पनि साह्रै नराम्रो विडम्वना हो हेर्नु । आज सडकमा के सुनिरहेका छौ के देखिरहेका छौ त भने एकथरी शक्तिहरुले के भन्दै हुनुहुन्छ त भने हिजो भै हुन्न भन्नुहुन्छ । हिजो भै के हुन्न भने मतगणना गर्नेबेला बत्ती

निभाउने मत बत्ती निभाएर अनि बाकस फेर्ने त्यस्तो हुन्न भन्नु हुन्छ । अनि अर्को एकथरीले के भन्दै हुनुहुन्छ त भने स्त्रीको अंग पुरुषमा राखिदिउको कारणले गर्दा मगज बिग्रियाछ भन्नुहुन्छ । अनि राष्ट्पतिको, प्रधानमन्त्रीको विषयमा त अलि ठुलै नारा लगाइयो । के राजनीतिक संस्कार यहि हो त । हिजो जे पनि गरे हुनि आज जे पनि गरे हुनि सत्तामा बसे जे पनि गरे हुनि सत्ता बाहिर बस्दा जे पनि गरे हुनि यहि परिस्थिति हाम्ले भोगिरहने हो त । त्यसो नगर्नुस् । मन फाट्न सक्छ मन टुक्रिन सक्छ तर आफ्नो नैतिकता, इमान र जवान गुमाउन हुन्न । अझ सत्तामा बस्ने शक्तिहरु त अझ बढी संवेदनशील हुन पर्छ । यसरी नराम्रो प्रकारले रत्यौली खेल्न हुन्छ जस्तो मलाई लाग्दैन । देशमा रत्यौली नखेलौ । देशलाई एउटा साह्रै समृद्धि बनाउने हो भने समृद्धिका दिशाहरु के हुन त तेलाई हामीले पहिचान गरौ । आज समृद्धिका दिशाहरु वास्तवमा ३,४ प्रकारका छन जस्तो मलाई लाग्छ । आज हामीले शान्तिसुरक्षा चाहेका छौ । आज नागरिकको शान्ति सुरक्षा कहाँ छ । म आफ्नो निर्वाचन क्षेत्रमा गए रातीमा एउटा गार्डमा गाडी राख्याथ्यो तर गाडीको सीसा फोरियो । शान्तिसुरक्षा त त्यो रैछ । सांसदको गाडी सम्म फोरिने स्थिति रह्यो । अपराधी को हो, पुलिस पनि कस्तो रहेछ, सत्ताको मन्त्री जाहो भन्यो उले अथवा सांसद नै भने उले के गर्ने असाध्य सुरक्षा गर्ने भनेर अघिपछि गरेर ज्यु ज्यु गर्ने अनि अकाृ सांसद बाहिर बसेको सांसद गयो भने वास्तै नगर्ने । त्यही प्रकारले शान्तिसुरक्षा कायम हुन्छ । आज हरेक क्षेत्रमा के देखिएको छ, महंगी देखिएको छ । यो कोभिडमा त एकदम मंहगी बढ्याछ । महंगीको प्रश्नमा हामी चुकिरहेका छौ । आज खाध्य वस्तुहरुमा एकदमै अखाध्य वस्तुहरु मिसावट भाको छ । हरेक वस्तुको मूल्य बृद्धि भाको छ । कम्तीमा पनि २५ परसेन्टसम्म वृद्धि भाको छ । ५० परसेन्ट वृद्धि भाको छ । हरेक वस्तुहरुमा सो दिशामा सरकारले समाधान गर्ने कि नगर्ने । आज हाम्ले कति विकासका योजनाहरुको संर्दभमा छलफल गर्‍या छौ कुराकानी गर्‍याछौ । बाढीले स्कुल भत्केको छ । बाढीले बाटो बिग्रेको छ । बाढीले खानेपानी विग्रेको छ । ती निर्माणको प्रश्न तेलाई सम्पन्न गर्ने

प्रश्नहरु पनि के बन्याछन । के बारम्वार एउटा सांसद एउटा मन्त्रीको धाई राख्ने हो त मन्त्रालयमा । हामीले गरेका प्रतिबद्धता हामीले जनताका सवालमा उठाएका कुरा के जोड तोडकासाथ नगर्ने त । यो साह्रै चिन्ताको विषय हो कि होइन । आज विकासका कैयौ कामहरु अहिलेसम्म पनि नयाँ योजनाहरुको संझौता हुन सकिरहेको छैन । संझौता भए अन्यौलता छाइरहेको अवस्था छ । एले गर्दा हामी यो विषयमा जनताका आधारभूत विषयहरुमा अरु चासो नराख्ने भएको शक्ति पनि चीनजान हुने अब हाम्ले देख्यौ नि त तपाईहरु विभाजित हुनुहुन्छ अरे सरकार पनि बिघटन भो रे के कारणले आफुले मन्त्री नपाएकाहरुले आफ्ना मान्छे विभिन्न ठाउँमा नियुक्ति गर्न नपाएका कारणले भन्नि त देखियो नि । सैद्धान्तिक विवाद थियो, त्यो त छैन । शक्ति र स्वार्थका कारणले देशलाई बर्वादी गर्न पाइदैन । एउटा निर्वाचित जनसंस्थालाई विघटित गर्न पाइदैन । हामीले पनि सुनिरहेको अवस्था पनि छ नि त अहिले यो प्रदेश पनि विघटन हुने गरे । टिकिरहे विघटन नहुने टिक्न नसके विघटन हुने भन्ने नि हुन्छ । काम गर्नेलाई काम गर्न पनि नदिने भन्ने पनि हुन्छ । बखेडा झिक्ने मात्रै पनि हुन्छ । यले गर्दाखेरी मलाई लाग्छ संघीय व्यवस्थामा त एकदम शक्ति विकेन्द्रीकृत हुन्छ भनेको होइन । यही हो शक्ति विकेन्द्रीकृत । माथिको केन्द्रले सबै चिलिम पाइदिएपछि तलको झ्याम हुने संघीय व्यवस्था हुन्छ । कहाँको संघीय व्यवस्था त्यस्तो नियम कहाँ छ । संघीय व्यवस्थामा कुनै बेला त जातीयताको संघीयता चाहिन्छ । आत्मनिर्णय सहितको संघीयता चाहिन्छ भनेर भनेको होइन तपाईहरुले । अहिले माथिबाट झ्याम पारिदिएपछि संघीय व्यवस्था बच्छ कि बच्दैन भन्ने कुराको ठेगानै हुन्न र अहिले पनि संघको अधिकार संघले पाएको अधिकार संविधानले व्यवस्था गरेको अधिकार पनि हाम्ले अहिलेसम्म प्राप्त गर्न सकेको अवस्था छैन । यही रमिते संघीता त हो नि । टिक्दैन। तपाई जति कोशीस गर्नुस् विभेतीकारी संघीयता कुनै हालतले पनि टिक्दैन । जनताले यसलाई बोक्न सक्दैनन । हाम्रो अर्थतन्त्र त देखियो त भारतसँग, अमेरिकासँग, चीनसँग हात थापेर अनि मात्र हाम्ले के गर्दा रहेछम् आफ्नो देशको शासन व्यवस्था चलाउदा रहेछौ । हाम्रो आत्मनिर्भर अथवा

आत्मस्वाभीमानी अर्थतन्त्र खोई । स्वाभीमानी अर्थतन्त्रमा हामी डुबेको खोइ । यो प्रदेशमा एउटा मल कारखाना बनाउ भनेर हामी एउटा गिटी कारखाना सिमेन्ट कारखाना भन्यौ कहिल्यै आउदैन । मैले निर्वाचन क्षेत्रमा कत्रो जलश्रोत छ त्यसको कम्तीमा एउटा माइक्रो हाइड्रो उत्पादन गरौ न भने अनि एउटा असाध्य अप्ठ्यारो पुल छ भने तेलाई काट्दै गयौ । यले गर्दाखेरी हेर्नुस् यस्तो अस्थिर प्रकारको परम्परा शासन व्यवस्था हामीले निरन्तर दिन खोज्यौ भने वास्तवमा बाहिर हेर्दा एकदम टल्किने भित्र भित्र गलेको कर्कला भन्दा पनि अझ गलेको व्यवस्था हुन्छ । त्यसकारण यहाँ सबैले यो विषयमा एकदम मनन गर्न पर्ने आवश्यकता छ । र हामीले अहिले जुन प्रतिगमन गरेर हाम्ले त्यसलाई असहमती व्यक्त गर्छौ र राज्य पुन फेरि स्थापना हुन पर्छ । सरकारले राम्रो काम गर्ला भनेर समर्थन दिएका थियौ त्यो फिर्ता हुनपर्ने अवस्था सिर्जना भयो । र अहिले प्रदेशको अवस्था के रहने त हामी के चाहान्छौ त भने कसैले हाम्लाई भन्ने पनि गर्नु भाछ कि संघीयताको विरोध गरेका कारणले प्रदेशमा अस्थिरता आए के भयो त । त्यही अस्थिरता ल्याउन दिनस् न त । किन समर्थन गर्नु हुन्छ त भन्ने कुरा हरु पनि कोइसन चलेका छन । गण्डकी प्रदेशको सरकारलाई समर्थन गर्नु भनेको संघीयता अथवा प्रदेश खारेज हुनु होइन । संविधान मै प्रदेश र संघ खारेज हुनुपर्छ । हामीले त्यो भनेका छौ । अनि मात्र के हुन्छ संघीयता खारेज हुन्छ । तर यहाँको समर्थन र विरोधले संघीयता खारेज हुने प्रश्न होइन । त्यले बरु के गर्न सक्छ भने अस्थिरता र स्थायित्वको प्रश्न कायम गर्न सक्छ । हाम्ले त्यो ठानेका छौ । तेले गर्दाखेरी मलाई लाग्छ, अस्वाभिक कदम अथवा जनताका हितका कदम गण्डकी प्रदेश सरकारले नगरोस् किनभने तपाईहरुसँग यथेस्ट सरकार संचालन गर्ने मत छ । होइन हिजो त दुईतिहाइ मत छ भन्नु हुन्थ्यो । तपाईहरुको दुईतिहाई हुन्छ कि हुन्न त्यो त आगामी दिनले हुन्छ यसरी एउटै मन्चमा बस्नु भाछ । त्यो बस्नुहुन्छ कि हुन्न । त्यो पनि थाहा छ । हुन्छ त्यसकारण नयाँ स्थितिलाई मलाई लाग्छ अस्थिर बनाउने स्थिति सिर्जना गर्न हुदैन । जनताले स्थिर चाहान्छ । जनताले विकास चाहान्छ । जनताले समानता चाहान्छ । जनताले के

चाहान्छ भने राम्रो भएको चाहान्छ । म यही कामना व्यक्त गर्दे अब यो अधिवेशनको हार्दिक सफलताको हार्दिक शुभकामना व्यक्त गर्दे आफ्ना भनाईलाई यही टुंग्याउछु । धन्यवाद ।

## माननीय सभामुख

माननीय सदस्यहरु, अब म माननीय प्रमुख प्रतिपक्ष दलका नेता श्री कृष्णचन्द्र नेपाली पोखेललाई बोल्न समया दिन्छु ।

## माननीय श्री कृष्णचन्द्र नेपाली पोखेल

सभामुख महोदय, आज हामी गण्डकी प्रदेश सरकार प्रदेश सभाको विशेष अधिवेशनमा उपस्थित भएका छौ । यस सर्न्दभमा, मेरो दलको तर्फबाट विशेष अधिवेशन हाम्रा आवेदन अनुसार बोलाईदिनु भएकोमा म सभामुखज्यू मार्फत प्रदेश प्रमुखज्यूलाई धन्यवाद दिन चाहान्छु । र मेरा भनाईहरु राख्नु भन्दा अगाडि संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्नका लागि वलिदान दिनुहुने ती महान शहिदहरु प्रति श्रद्धान्जली अर्पण गर्न चाहान्छु । सभामुख महोदय, हाम्रो हामी नेपालीहरुको ठुलो वलिदानबाट प्राप्त नेपालको संविधान २०७२ निर्माण गर्दे गर्दा संविधान निर्माताहरुले एउटा परिकल्पना गर्नु भएको थियो । त्यो के हो भने कुनै समयमा सदन संचालन नभएको अवस्था संविधान, संविधान सभा अथवा प्रदेश सभा स्थगित भएको अवस्थामा जनताका सरोकारका विषयमा प्रदेशको हक र हितको विषयमा छलफल गर्न आवश्यक ठानिएको अवस्थामा एक चौथाइ सदस्यले आवेदन दिन सक्ने जुन व्यवस्था संविधानको धारा ८३ को उपधारा ३ मा व्यवस्था गरिएको थियो तेहि धारालाई हामीले आधार मानेर नेपाली काँग्रेस संसदीय दल र जनता समाजवादी दलले हामीले आवेदन दिएका थियौ । सभामुख महोदय, वास्तवमा यो विशेष अधिवेशन यो संघीय व्यवस्थामा गइसकेपछि हामी संघीयतामा गइसके पछिको यो पहिलो प्रयोग हो । यस अर्थमा हामी सबैले सिंगो प्रदेश सभाले हामीले यसलाई सकारात्मक रुपले लिनुपर्छ र सबै प्रदेश मध्ये गण्डकी प्रदेशले संविधानले गरेको व्यवस्थालाई

व्यवहारमा उतार्ने सर्न्दभमा एउटा खुट्किलो अगाडि बढेको कुरो मान्नु पर्दछ । यो विशेष अधिवेशनलाई किन बोलाईयो अथवा साधारण अधिवेशनमा हामी कुरा गर्न सक्थ्यौ आदि इत्यादि प्रश्नहरु गर्नु भन्दा लोकतान्त्रिक अभ्यासमा यसरी नै संविधानका धाराहरुलाई हामीले व्यवहारमा उतार्दै लग्यौ भने मात्र लोकतान्त्रिक अभ्यास पूर्ण हुन्छ भन्ने हाम्रो दलको ठहर छ । यसै दृष्टिकोणबाट हामीले  यो विशेष अधिवेशनको माग गरेका हौ । सभामुख महोदय, विशेष अधिवेशन बोलाउनका कारणहरु हामीले लिखित रुपमा पेश गरेका छौ र तेलाई म प्रस्तुत गर्न पनि चाहान्छु । समष्टिमा, त्यो भन्दा अगाडि सभामुख महोदय, म पनि एउटा राजनीतिक दल खासगरी नेपाली काँग्रेसको संसदीय दलको नेताको हैसियतमा, एउटा राजनीतिक व्यक्तिको हैसियतमा यो जनताको सर्वोच्च थलोमा उभिदै गर्दा मैले राष्ट्रिय राजनीतिकमा मेरा पार्टीको दृष्टिकोण के छ भनेर राखिन भने तयो मेरो कर्तव्य पूरा भएको ठहरिने छैन । यस अर्थमा सभामुख महोदय, म केहि कुराहरु राख्न चाहान्छु । नेपाली जनताले पुर्ववक्ता मेरा माननीयजी साथीहरुले भन्नु भाको छ नेपालको लोकतान्त्रिक अभ्यासको सर्न्दभमा ४७ सालको संविधानलाई हामीले राम्रो भन्दा भन्दै पनि त्यो संविधानको प्रयोगको सर्न्दभमा यो खास गरिकन प्रधानमन्त्रीले संसद भङ्ग गर्ने जुन विशेष अधिकार संसदीय व्यवस्थामा हुन्छ त्यसको प्रयोग राम्रो भएन भन्ने हामी सबैको बुझाई रह्यो । तर त्यो बुझाइभित्र अहिले भर्खर यहाँ माननीयजीले राख्नुभो । प्रत्येक विघटन प्रतिगमन हो भन्न पनि त्यो संविधानको मुल्य र मान्यता नबुझेको ठहर्छ । हिजोको ४७ सालको संविधानमा प्रधानमन्त्रीलाई त्यो पूरा राइट थियो । विशेष अधिकार थियो र संसदीय व्यवस्थामा कन्ट्रोल गर्ने मेकानिजम भनेकै त्यो मध्यावधि थियो जसले सम्पूर्णलाई कन्ट्रोल गर्छ यो सर्वमान्य सिद्धान्त थियो । तर हाम्रा संविधान निर्माताहरुले त्यो कुरालाई नेपालको परिप्रेक्षमा एउटा सरकारले ५ वर्ष कहिल्यै पूरा नगरेको परिप्रेक्षमा एउटा व्यवस्था गरियो तयो के हो त भन्दा प्रधानमन्त्रीले सिधै सदनलाई विघटन गर्न पाइदैन । संसद विघटन हुने अवस्थै छैन । छ कतिखेर भने त्यहाँ २,३ वटा विकल्प दिइएको छ त्यो सदन भित्रैबाट

खोजे पछि उपाय निस्किएन भने स्वतः विघटनमा जाने व्यवस्था हो । तर प्रधानमन्त्रीजीले विघटन गर्नु भयो । अहिलेसम्म सदन विघटित नै छ । यथार्थता हो । अब यो विघटनको विषयमा आ आफ्नो दृष्टिकोण छ पाटीको त्यो नेपाली काँग्रेस यसलाई असंवैधानिक मान्छ । अलोकत्रान्त्रिक मान्छ  र जनताको भावना विपरित मान्छ । संविधानको मुल्यमान्यता र अक्षरको विरुद्धमा मान्छ । यो हाम्रो नीति हो र पनि सर्वोच्व अदालतमा मुद्धा गइसकेको अवस्थामा नेपाली काँग्रेस र हाम्रो धारणा असंवैधानिक हो । हामी भन्दा भन्दै पनि हामी भोली कार्टको गइसकेको हुनाले कोर्टतिर हामी फर्केका छौं र हामी सर्वोच्व अदालतलाई हामी लोकतन्त्रमा विश्वास गर्नेहरु हामी विश्वास गर्छौं कि सर्वोच्व अदालतले संविधान अनुरुप निर्णय दिन्छ भन्ने हामी विश्वास राख्दछौं । म यतिमात्र भन्न चाहान्छु । अब फेरि कुराहरु यतातर्फ भन्न सकिन्छ । तर म अहिले खासगरीकन यो विशेष अधिवेशनमा आवेदन गर्ने पार्टीको नेताको हैसियतले अब म विषयवस्तुतिर जान चाहान्छु । सभामुख महोदय, यो प्रदेश बनिसकेपछि गण्डकी प्रदेश बनिसकेपछि अस्तित्वमा आइसकेपछि हामी प्रमुख प्रतिपक्ष दलको हैसियतमा जनताले हामीलाई म्यानडेड दिइसकेपछि हामीले जहिले पनि जनसरोकारको विषयमा, जनताको हकहितको विषयमा र खासगरीकन पछि आइसकेपछि यो विश्वव्यापी रुपमा फैलिएको यो माहामारी कोरना कोभिड १९ लाई कसरी सामना गर्ने भन्ने सर्न्दभमा हामीले प्रदेश सरकारलाई रचनात्मक रुपमा सुझाव दिदै आएका छौं, सहयोग पनि गर्दे आएका हौ ।  हामीले कोरना कोषमा दलको तर्फबाट पनि आर्थिक सहयोग पनि गरेका हौ । अर्थात हामीले यलाई साझा दुस्मनको रुपमा हामीले हेर्‍यो । एकढिक्का भएर सामना गर्नुपर्छ भन्यौ र सदन नभएको अवस्थामा पनि हामीले मुख्यमन्त्रीजीलाई ७७।३ ।२ मा लिखितरुपमा हामीले ज्ञापनपत्र दिएका छौ । त्यतिमात्र नभइकन औपचारिक डेलिगेशन गएर हामीले ५ बुँदे माग पनि राखेको छौ र उहाँले धेरै कुराहरु सकारात्मक रुपमा लिनु भाको पनि हो । तर त्यो कार्यान्वयन भएन । हामीले प्रश्न जहाँ उठाइयो पनि साधारण अधिवेशन आउदै थियो किन बोलाइयो । हामीले तेतिखेर विशेष

आवेदन गरेका छौ जतिखेर यहाँ पीसीआर परिक्षण दिनानुदिन असहयोग र न्युन भैरहेको अवस्था थियो । संकमितहरुले हस्पीटलमा उपचार नपाएर मृत्युभरण गर्न परेको अवस्था म स्मरण गरौ हाम्रो स्थिति कहाँ पुग्यो । माननीय हाम्रो विन्दु थापा सासुलाई कोरना भएपछि उहाँले कहि सीट पाउनु भएन् । एउटा सांसद राजधानीको इलेक्टेड त्यो व्यक्तिले एउटा सीट पाएन भने अरु साधारणको अवस्था कस्तो थियो । हामीले त्यतिखेर बुझ्केका थियौ । नीजी हस्पीटलहरु २५ हजार आइसीयु मात्रै युज गरे १२ भेन्टीलेटर युज गर्ने पेसेन्टलाई २५ हजार मात्रै होइन १ लाख धरौटी पनि लिनुपर्ने त्यो अवस्था राजधानी मै हाम्ले देखेको हो । त्यति मात्र होइन हामीले पहिल्यै देखि भन्यौ उपकरण बजेट भएर पनि खर्च नगरिनु, दरवन्दी भएर पनि स्वास्थय जनशक्ति पूरा नगरिनु यी सबै कुराहरुले जनताको जीवन कोरना पिडितहरुको जीवनमा खेलवाड भैरहेको हामीले महसुस गर्‍यौ । जब कि नेपालको संविधानको धारा ३५ को १ देखि ४ सम्म यो स्वास्थलाई स्वास्थमा पहुच प्रत्येक नागरिकले स्वास्थ रहन पाउनुपर्ने ग्यारेण्टी छ । त्यो मौलिक हकलाई वेवास्ता गरियो । यो त अझ्क माहामारी हो । कुनै पनि देशमा माहामारी बिरुद्ध लड्दै गर्दा मूल्य लिएर सेवा दिइदैन । हाम्रो देश मलाई याद छ केन्द्रिय सरकारले पछि हात उठायो । हामी निःशुल्क दिन सक्दैनौ भनेर । त्यतिखेरै प्रदेश सरकारले केन्द्रले जेसुकै गरोस् हामी तिर्छौ हामी गर्छौ भनेर वक्तव्य आयो तेलाई हामीले स्वागत गर्‍यौ र साच्यौ पनि कम से कम गण्डकी प्रदेश सरकारले एउटा राम्रो कुरो गरेको थियो । तर त्यो व्यवहारमा लागु हुन सकेन । त्यसपछि हामीले यी पिडादायिक कुराहरु, यी समस्याहरु लाई हामीले सरकारसँग के भन्यौ भने हामीले तथ्यले यो चिज देखाउछ सरकारको भनाई अर्के छ यसको निराकरण के हो भने एउटा सर्वपक्षीय एउटा अनुगमन समिति बनाउँ, ११ वटै जिल्लामा तेले अनुगमन गरोस् र के कुरोको कमि छ त्यो चिज अगाडि आउछ तेहि अनुसार अगाडि बढौ भन्ने प्रस्ताव पनि हाम्ले राखेको हो । तर त्यतापट्टी पनि ध्यान दिइएन । त्यसैले सभामुख महोदय, हामीले अब हाम्रो दलको मान्यता र हामीले जुन निवेदन दिएका छौ विशेष अधिवेशन बोलाउनको लागि

त्यसको अर्को एउटा के हो भने देखि कोभिड १९ लक्षित प्रदेश सरकारको प्रयत्नको अनुगमन सवल र निर्वल पक्षको विश्लेषण समस्याको पहिचान समाधानको इमान्दार प्रयत्नको साथसाथै अन्य परिणाममुखी छलफल हुन आवश्यक हामीले ठहरायौ अनि हामीले यो अधिवेशनको माग गरेका हौ । वास्तवमा जनस्वास्थ र जनजीवनसँग संवन्धित विषयमा प्रदेश सभा मौन मुखदर्शक भएर बस्न सक्दैन र बस्नु पनि हुदैन । जनताका लागि जनताबाट निर्वाचित सर्वोच्व थलो प्रदेश सभामा जनताको पिडा बारे सकारात्मक र रचनात्मक छलफल गरी एउटा साझा निष्कर्ष निकाल्ने र तद्अनुरुप गन्तव्यसम्म पुग्ने सहितको प्रतिवद्धता अहिलेको आवश्यकता हो भनेर हामीले यो अधिवेशनको आवेदन गरेका हौ । सभामुख महोदय, त्यतिमात्र होइन हामीले आवेदनमा भनेका छौ, मंहगी, बेरोजगारीका कुराहरु हाम्ले उठाएका छौ । मंहगी र बेरोजगारीमा अत्याधिक वृद्धि हुनु खासगरीकन विदेशबाट आएका हाम्रा युवाहरु र हाम्रै प्रदेशमै रहेका बेरोजगार युवाहरु यो एउटा विकराल समस्या वेरोजगारको छ । त्यस्तै प्रदेशभरीका उधोगधन्दाहरु रुग्ण छन् । उधोगपतिहरुलाई राहत दिन सकिएको छैन र उधोगमन्त्रीको संयोजकतत्वमा गठित प्रदेशस्तरीय आपूर्ति अनुगमन समितिले बजारको प्रभावकारी अनुगमन गर्ने भनिएकोमा त्यसो हुन सकेको छैन । वेरोजगारी कम गर्न स्वरोजगार वृद्धि गर्न सरकारले प्रयत्न गरेको देखिएन् । व्यवसाय जीवन रक्षा कोष जस्ता कार्यक्रमहरु कार्यान्वयन गर्न सकेको भए उधोग व्यवसायहरुलाई बचाउने र गुमेको रोजगारीलाई फर्काउन सकिन्थ्यो । तर त्यस तर्फ सरकारको ध्यान पुगेन र हामीले के बुझ्यौ भने साधारण अधिवेशनसम्म यो ढिलो हुनेछ । यस अर्थमा यी जनताहरुको समस्यालाई यसै बीचमा छलफल गर्नुपर्छ किनभने हामी जनताबाट निर्वाचित हो र हामीले प्रस्तुत गर्ने थलो पनि यही हो र सरकारलाई सुझाव दिने थलो पनि यही भएको हुनाले विशेष अधिवेशनको आवश्यकता हामीले महसुस गरेर हामीले बोलाएका हौ । त्यस्तै सभामुख महोदय, बजेटको कार्यान्वयनको गति अति सुस्त व्यवसाय सुरक्षाकोष, सुपथमुल्य कार्ड वितरण, विश्व

सम्पदासुचीमा सुचीकृत गर्नुपर्ने संपदाहरुलाई सुचीकृतको पहल नगरिएको, पोखरा चक्रपथ, फेवाताल, आधुनिक बसपार्क, भगतसर्वोजित सीपविकास कार्यक्रम, वहुउद्देश्यीय रंगशाला, वहु सांस्कृतिक ग्राम, एक स्थानिय तह एक अैधोगिक ग्राम, बृहत गाईपालन फारम, पोखरालाई हवाईमार्गबाट सबै प्रदेशमा जाने र छिमेकी प्रदेशका प्रमुख शहरहरु जोड्ने जस्ता ठुला र साना कार्यालयहरु कार्यान्वयनमा जान सकेनन यो हामीले बझक जाहेर भएको कुरा हो । तेश्रो वर्ष पुरा हुदै गर्दा यी केवल प्रत्येक वर्ष बजेट भाषण गहना मात्रै बनेको अवस्था छ सभामुख महोदय, त्यसेले यस्ता बजेट लाई सरेन्डर गरेर नयाँ योजनामा ल्याउन आवश्यक छ र हामी त्यो सझाव दिन चाहान्छौ । त्यस्तै बहुवर्षिक कार्यक्रमहरुको मापदण्ड बनाई पास भएको बजेटमा लागु गर्नु सर्वथा गलत देखिन्छ । कयौ महत्वपुर्ण योजनाहरु जो बहुवर्षिय प्रकृतिका छन, तर चालु आ.व.मा २० प्रतिशत भन्दा कम बजेट विनियोजित भएको छ भने त्यो कार्यक्रम संपन्न हुन संभव छैन । त्यो मापदण्ड आवश्यक भए अगाडि आर्थिक वर्षमा मात्र लागु गर्नुपर्ने देखिन्छ । त्यस्तै आज प्रत्येक क्षेत्रमा बेरुजु एउटा महारोगको जस्तो अवस्था धारण गरेको छ । बेरुजु यो चिन्ताजनक रुपमा बढेको अवस्था छ । महालेखाले आर्थिक अनियमितता भनेर रकम असुल उपर गर्नुपर्ने प्रतिवेदन दिएको छ । तर त्यतातिर कारवाही भएको छैन । त्यस्ता कर्मचारी राजनीतिक व्यक्तिहरु जो कोहि हुनलाई कारवाही गरी रकम असुल उपर गर्नुपर्दछ भन्ने हाम्रो अनुरोध छ । अर्को सभामुख महोदय, हामीले गण्डकी प्रदेश सभाले तुलनात्मक रुपले अन्य प्रदेश भन्दा हामीले धेरै कानुन निर्माण गरेका छौ । कानुन निर्माण गर्दे गर्दा हामीले सकभर त्यसलाई सकारात्मक रुपमा चाडै कानुन बनायो भने चाडै कार्यान्वयन होला । प्रदेश विकास होला भन्ने मान्यता राखेर हाम्ले सकारात्मक रुपमा रह्यौ तर ऐनहरु बनाउने तर ती ऐनहरु अनुसार कार्यान्वयन नहुने प्रवृति सर्वत्र देखिएको छ । विभिन्न आयोग, प्राधिकरण समिति गठन गर्ने र यी सबैमा अर्को शब्दमा भन्नुपर्दा कार्यकर्तालाई रोजगारी दिने संस्थाको रुपमा परिणत गर्न खोजिएको हो कि भन्ने हाम्लाई आशंका लागेको छ । यस अनुरुप हामी अनुरोध गर्न चाहान्छौ,

त्यो संस्थाहरुको उद्देश्य अनुसार सरकारले काम गर्नुपर्छ निष्पक्ष रुपमा तर सरकार त्यसतर्फ असफल भएको हामीले देखेका छौं। सभामुख महोदय, अहिलेको यस विषम परिस्थितिमा सरकार, प्रतिपक्ष, सिंगो प्रदेश सभाले आफ्ना आग्रह, पूर्वाग्रह, विमती, असमझदारीलाई पन्छाएर प्रदेशको जनताको जीवन रक्षा र कोरना सिर्जित दुष्प्रभावलाई न्युनिकरण गर्दै एकताबद्ध हुदै भई सामुहिक संकल्प सहित अगाडि बढ्नु पर्ने आजको समयको आवश्यकता छ र मलाई खुशी लागेको छ र हामी यसमा सकारात्मक छौ र जुन संकल्प हाम्रा आवेदनमा उल्लेखित हाम्रा विषयहरुलाई संकल्प प्रस्तावको रुपमा अगाडि बढाउने र त्यसलाई एउटा साझा प्रयत्न साझा संकल्पको रुपमा लैजाने जुन प्रयत्न भएको छ, र सकारात्मक कुराहरु जुन आएको हामीले सुनेका छौ हाम्रो पार्टी त्यसलाई स्वागत गर्दछ त्यो एउटा साझा संकल्पको रुपमा जाहोस् साथ साथै अन्त्यमा म यति मात्रै के भन्न चाहान्छु भने केन्द्रको प्रदेशमा पनि भोलीका दिनमा हिजो जसरी हामीले एउटा एकताबद्ध भएर एउटा रचनात्मक रुपमा सहयोग दिने वा सरकारले लिने त्यो अवस्थाबाट हामी गुज्रेका हौ र भोलीका दिनमा यो प्रदेश सभाले २ वर्ष पूरा गर्ने अबको अवधि जुन छ, त्यो अवधि पुरा गर्ने तर्फ त्यस बीचमा केन्द्रलाई नजिर मानेर यहाँ प्रदेशमा कुनै पनि त्यस प्रकारको कदमहरु चालिने छैन भन्ने हाम्लाई विश्वास छ र हामीले अनुरोध पनि गर्न चाहान्छौ कि संघीयता संघीयताभित्र बसेर या संघीयता बाहिर रहेर संघीयताको विरुद्धमा जो आवाजहरु उठ्ने गरेका छन ती आवाजहरुलाई केन्द्रिय सरकारले अलिकति मलजल गरि नै हाल्यो दुइतिहाई सरकार पनि अफावसिंद्ध भयो भन्ने सन्देश त दिइसकेको अवस्था छ र पनि प्रदेशमा त्यो रोगबाट प्रदेशबासीहरु प्रदेश सभा मुक्त हुनुपर्छ भन्ने हाम्रो मान्यता छ । सभामुख महोदय, यो इतिहासमै पहिलो प्रयोग भैराखेको छ र यो विशेष अधिवेशनलाई खास गरीकन सत्तापक्षका साथीहरुलाई पनि अपिल गर्न चाहान्छु हामीले उठाएका जनसरोकारका कुराहरु कोभिड १९ रिलेटेड कुराहरु हाम्रा कुराहरु होइनन, यी जनताका कुराहरु हुन, हाम्रा कुराहरु हुन, सबैका कुराहरु हुन र प्रदेश गण्डकी प्रदेश सभा यसमा

सचेत छ यसले जनसरोकारका विषयमा एउटै आवाज बनाएको छ भन्ने सन्देश दिनलाई एकताबद्ध भएर अगाडि बढौ यहि अपिल गर्दै मेरा भनाईहरु यही बन्द गर्न चाहान्छु । धन्यवाद । जयनेपाल ।

## माननीय सभामुख

माननीय सदस्यहरु, अब म माननीय मुख्यमन्त्री श्री पृथ्वीसुव्वा गुरुङलाई बोल्न समय दिन्छु ।

## माननीय मुख्यमन्त्री श्री पृथ्वीसुव्वा गुरुङ

माननीय सभामुख महोदय, आज हामी विशेष अधिवेशनको सर्न्दभमा आफ्ना भनाईहरु राख्दैछौ । म आफ्नो भनाई राख्नु भन्दा अगाडि परिवर्तनका लागि आफ्नो जीवन अर्पण गर्नुहुने सबै ज्ञात अज्ञात महान शहिदहरुप्रति भावपूर्ण श्रद्धान्जली व्यक्त गर्न चाहान्छु । कोरना भाइरस डिजिज १९।२० कोभिड १९ को चपेटामा परेर आफ्नो ज्यान गुमाउनुहुने सबैलाई म श्रद्धान्जली व्यक्त गर्न चाहान्छु । संक्रमितहरुको शीघ्र स्वास्थ्य लाभको कामना पनि गर्न चाहान्छु । र जीवन गुमाउने परिवारजन व्यक्तिको परिवारजन प्रति समावेदना पनि व्यक्त गर्न चाहान्छु । लोकतन्त्रमा हामी भन्ने गर्छौ जुन चाहि प्रतिस्पर्धात्मक बहुदलिय शासन प्रणालीको अभ्यास हामी गर्दैछौ । लोकतन्त्रको एउटा मर्म बहुमतको सरकार र अल्पमतको प्रतिपक्ष र त्यस भित्र पनि सरकार चाहि बहुमतको संसद प्रतिपक्षको भन्ने चलन छ । त्यो किन भन्या होला भने देखि जसले बहुमत पाउछ उसले राज्यको श्रोत साधन संविधान कानुन मुताविक संचालन गर्ने, परिचालन गर्ने, व्यवस्थालाई सुढृणीकरण गर्ने, जनतालाई सेवा गर्ने काम चाहि अवसर पाउछ उसले । तर जनताको अभिमत लिएर पनि संबैधानिक हिसावले या कानुनी हिसावले सरकार संचालन गर्न अवसर नपाएका दलहरु या व्यक्तिहरु या सांसदहरुले आफ्ना कुरा कहाँ राख्ने उसका भनाइहरु, उसका चिन्तनहरु, उसका सोचहरु सरकारले जो जसले सरकार चलाइराछ सरकार चलाएका व्यक्तिहरुले या सरकारले

जनताको चाहाना मुताविक यहि हाम्ले अगाडि सारेका राजनैतिक लक्ष उद्देश्यहरु मुताविक काम गर्न सकेन भने त्यसको सुझाव दिने आलोचना गर्ने कतिपय सर्न्दभमा विरोध पनि हुन्छ गर्ने काम गरेर अल्पमतले आफ्नो चाही कुराहरु सार्वभोम संसदका माध्यम मार्फत सरकारलाई सचेत बनाउने काम जनताको लागि हामी प्रतिपक्षमा बसेर गरिरहैको काम भनेर संसदबाट जनतालाई देखाउनको लागि पनि संसद एकदमै महत्वपूर्ण थलो हो । त्यसकारण हामीले संसदीय शासन प्रणालीमा एउटा आधारभूत सिद्धान्त के हो भने देखि समस्याहरुको समाधानको थलो संसद हो । मुलुकमा या प्रदेशमा हामी प्रदेश सभामा बसिरहेको हुनाले प्रदेशमा देखा परेका समस्याहरुको समाधान गर्ने थलो अब कुनै अर्को ठाउँ होइन त्यो चाहि संसद हो । त्यसैले संसदले आवश्यक पर्दाखेरी सरकार पनि परिवर्तन गर्न सक्छ, संसदले जनताका समस्याहरु समाधान गर्ने बाटो पनि देखाउन सक्छ, मुलुकलाई जटिल जटिल परिस्थितिबाट मुक्त गरेर मुलुकलाई अग्रगामी दिशा देखाउन पनि सक्छ संसदले । त्यसकारण आज हाम्रो मुल्य र मान्यता आज हाम्रो संविधानको मक्सद के हो भने देखि हामी संसदीय शासन प्रणालीमा जुन प्रतिबद्ध भएर अगाडि बढ्ने हाम्रो जुन संवैधानिक व्यवस्था छ यो संवैधानिक व्यवस्थाका कारणले हामी समस्याहरुको समाधान यहिबाट खोज्छौ । समस्याहरुको समाधान यहिबाट खोज्नको लागि प्रतिपक्षले जसरी विशेष अधिवेशनको आह्वान गऱ्यो यो अधिवेशनले जे कुराहरुको समाधान गरोस् भन्ने प्रतिपक्षले चाहेको छ हामी आज सर्वदलिय सरकारको पनि प्रतिनिधित्व गरेर बसेर एउटा चाही प्रक्रियाको बारेमा एउटा सहमतीको नजिक त्यो भन्या चाही प्रतिपक्षले विशेष अधिवेशनको माग गरेर विशेष अधिवेशनमा छलफलका विषयहरु विशेष अधिवेशनले निर्देशित हुने केहि विषयहरु भनेर कोभिड १९ को विषयमा गण्डकी प्रदेश सरकारले जनताको जीउधनको सुरक्षा कसरी गर्छ, या कोभिडको उपचार रोकथाम संर्दभमा के के चाहि पाइलाहरु सार्नुपर्छ के के चाहि पाइलाहरु सार्नु पर्थ्यो । के भयो के भएन, कति भयो, कति भएन, पर्याप्त भयो पर्याप्त भएन आदि बारेमा छलफल गरेर यो गण्डकी प्रदेश सभाले एउटा

निर्देश भन्नुस् या एउटा प्रतिबद्धता भन्नुस् एउटा संकल्प खाली यो प्रतिपक्षको विषय मात्रै नबनोस् । यो सरकारको पनि विषय हो । सरकारले पनि यो काम गरिरहेको छ । त्यसकारणले यसलाई सत्तापक्ष प्रतिपक्षको नभनिकन गण्डकी प्रदेश सभाको साझा संकल्पको रुपमा कोभिड १९ को उपचार, रोकथाम र नियन्त्रणको काम कसरी गर्ने भन्ने बारेमा एउटा संकल्पबद्ध भएर अगाडि बढ्नका लागि हामीले एक खालको प्रकियागत रुपमा सहमती गरेका छौं । यो एकदमै महत्वपूर्ण विषय हो भन्ने लाग्छ मलाई । दोश्रो कुरा उहाँहरुले विशेष अधिवेशनको मागको सर्न्दभमा उठाएका विषयहरु यहाँ छलफल गर्न चाहेका विषयहरु गण्ढकी प्रदेश सभाले केहि न केहि निर्णय फैसलाहरु देहोस् या निर्णयहरु गर्न चाहेका विषयहरु बहुवर्षिय आयोजनाहरु जो संचालन भैराखेको छ गण्डकी प्रदेश सरकारको त्यसको गति कमजोर भयो । त्यसले ठीक ढंगले काम गर्न सकेन भनेर उहाँहरुको जे जे जिज्ञासाहरु छन, जे जे आलोचनाहरु छन उहाँहरुको टिष्पणीहरु छन त्यस बारेमा एउटा विषय, अर्को चाहि गरिवी निवारणको विषय होला, अर्को वेरोजगारीको समस्याको कुरा होला । यी विषयहरुलाई हामीले मैले के भन्या हो भने देखि यी विषयहरु अलिकति विवादित विषयहरु हुन सक्छन । जसरी कोभिड माहामारीको विरुद्ध लड्न सिंगो मानव समाजको एउटा कर्तव्य र एउटा संकल्प चाहि हुनुपर्छ । त्यस्तै सिंगो संघीय संसद, सिंगो प्रदेश संसद र सिंगो चाही स्थानिय तहको नगरसभा, गाउँसभाले संकल्प गर्नुपर्छ । त्यो संकल्प साझा संकल्प भको हुनाले साझा शत्रुको विरुद्धमा लड्दा साझा संकल्पको रुपमा छलफल गर्न राम्रो हुन्छ भनेर त्यसमा हामीले साझा संकल्पको रुपमा अगाडि बढ्ने भनेर एक खालको सहमती गरेका छौं भने यी विषयहरुमा हाम्रा केहि केहि मतभेदहरु हुन सक्छन । जोडकोणहरु फरक हुन सक्छन । विचारहरु यहाँ डाइर्भस हुन सक्छ । त्यसकारणले त्यसो भको हुनाले ती विषयहरुलाई हामीले जरुरी सार्वजनिकको विषय बनाएर त्यसैमा तपाईहरुले प्रश्न उठाउनु होला । छलफलमा प्रस्ताव गर्नुहोला । त्यसैमा छलफल हुन्छ । संवन्धित माननीय मन्त्रीजीले उत्तर दिनुहुन्छ। उत्तरको क्रममा पनि तपाईले उठाएका विषयहरुका बारेमा पनि

मन्त्रालयले प्रतिपक्षले उठाएका विषयहरुमा सरकारको तर्फबाट माननीय मन्त्रीजीहरुले संवन्धित मन्त्रीजीहरुले त्यसको जवाफ दिनुहुन्छ । त्यहि क्रममा कार्यान्वयनको प्रतिवद्धता गर्नुहुन्छ । यसरी एउटा जरुरी सार्वजनिक महत्वको विषयमा २ घण्टाको समय हाम्रो कार्यविधिले नियमावलीले तोकेको सन्र्दभमा तीनवटा विषयहरुलाई दुई घण्टाको तीन सेक्सनमा छुट्याएर गरौ न त भन्ने कुरामा हाम्रो आज सहमती भाको छ । यले पनि हाम्रो यो विशेष अधिवेशन विशेष महत्वको अघि माननीय सदस्यले भन्नु भा जस्तै यो विशेष अधिवेशन नेपालको सन्र्दभमा प्रदेश सभाहरुमा यो पहिलो विशेष अधिवेशनको माग हो । त्यसलाई चाहि हाम्ले छलफलको क्रममा पहिलो विशेष अधिवेशन हामीले संचालन गर्न खोजिराछौ । यो चाहि खाली घटनाक्रमको हिसावले मात्रै पहिलो हुने हाम्रो रहर होइन होला । माननीयज्यूहरुको पनि त्यो पहिलो रहर होइन होला । हाम्रो मुलुकमा समस्या पर्‍यो, हाम्रो प्रदेशमा समस्या पर्‍यो हामी अरुले गरेन भनेर हामीले किन नगर्ने हामीले गर्नुपर्छ । प्रतिवद्धता जाहेर गर्नुपर्‍यो, संकल्प हुनु पर्‍यो हामी भन्ने कुरा जुन आएको छ, म यसलाई असाध्यै धेरै यो पनि ऐतिहासिक बनोस् । कि एउटा साझा संकल्प बन्यो, साझा शत्रुको विरुद्धमा लड्नका लागि त्यसमा विशेष महाधिवेशनले योगदान दियो र त्यसकारणले गर्दाखेरी खाली चाहि घटनाक्रमको हिसावले कुन पहिलो कुन दोश्रो भयो भन्ने मात्रै हिसावले होइन कि प्रथम भएको हुनाले हामी प्रथम भइयो विशेष अधिवेशनमा भन्ने कुरा चाही एउटा स्वरुपको कुरा होला त्यो । तर सारका हिसावले विशेष अधिवेशनले जे जे महत्वपूर्ण विषयहरुमा फैसला सुनायो, जे संकल्पबद्ध गर्‍यो यो हिसावले पनि यले निरुपण गरेका विषयहरु, फैसला गरेका विषयहरु त्यसले जनतालाई सेवा गर्ने लिएका जुन अठोटहरु छन, ती अठोटहरु ऐतिहासिक बनुन भन्ने हाम्रौ चाहाना हो । त्यस हिसावमा गण्डकी प्रदेशको सरकारको तर्फबाट मुख्यमन्त्रीको हैसियतले सत्तापक्षको तर्फबाट यो विशेष अधिवेशनको पूर्ण सफलताको हार्दिक शुभकामना व्यक्त गर्न चाहान्छु । अहिले हामी छलफलकै क्रममा केहि कुराहरु उठेका छन । अहिले हामी चाहि राजनीतिक सन्र्दभमा हाम्रो संर्दभमा विशेष

अधिवेशनको महत्व अर्के छ । तर संसदमा संघीय प्रतिनिधि सभामा प्रतिनिधि सभा आज विघटन भाको छ भंग भाछ र मध्यावधि चुनावको घोषणा भाछ । यसको फैसला हुन बाँकी छ अझै पनि न्यायपालिकामा यसको छलफल भैराखेको हुनाले न्यायपालिकाले दुइटा मध्ये एउटा निर्णय गर्ने हो या त प्रतिनिधि सभाको पुनस्थापना या त प्रतिनिधिसभाको भंग गरेर चुनावमा जाने फैसला गर्ने होला । तपाईहरुलाई के भन्न चाहान्छु भने धेरै माननीयज्युहरुले भन्नु भो यो संसद भंग असंवैधानिक हो । यो संसद भंग असंवैधानिक हो । मलाई त्यस्तो लाग्दैन । विचार त आ आफ्नो हुन्छ । दृष्टिकोण आ आफ्नो हुन्छ । कुनै घटनाप्रति हेर्ने या त्यसलाई विश्लेषण गर्ने या त्यसलाई संस्लेषण गर्ने कुरा आ आफ्नो विषय होला । पार्टीगत तथा व्यक्तिगत हिसावले पनि । तर म के भन्न चाहान्छु भने लोकतन्त्रमा हामीले घटनाक्रम देख्याछौ । जसरी नेपाली काँग्रेसमा ४८।४९ सालतिर यस्तो घटना देख्यो । ५७५८ सालतिर गएपछि त्यस्तो घटनाक्रम दोहोरियो फेरि पनि । पार्टीको नेताको आन्तरीक झगडाले गर्दाखेरी, त त म म को कारणले गर्दाखेरी, स्वार्थपरक सौद्धाबाजीको कारणले गर्दाखेरी त्यो चाही बहुमत प्राप्त प्रधानमन्त्रीहरुले काम गर्न पाएनन । हामीले दइटा घटना हेर्छौ नेपाली काँग्रेसको घटना । अहिले हाम्रो पार्टी नेकपाभित्र घटेको घटना पनि त्यसैको श्रृंखला हा् भन्छु मैले । घटना त्यसरी नै दोहोरिएको छ । पहिलो घटनाक्रममा गिरिजा प्रसाद कोइरालाजीले मेरो पार्टीभित्र गिरिजाको पुत्ला जलाउन थाल्यो आफ्नो पार्टीको जगजागरणको नाउँमा प्रधानमन्त्री बहुमत प्राप्त प्रधानमन्त्रीले एकलौटी गर्‍यो, सारा गऱ्यो सारा गऱ्यो भनेर पुत्ला जलाउन थाले पछि प्रधानमन्त्रीले आफ्नै दलभित्रैबाट असहयोगा भएको कारणले गर्दाखेरी अव त्यो दल नै बहुमत प्राप्त दलको प्रधानमन्त्रीले काम गर्ने वातावरण आन्तरीक दलकै कारणले नहुँदाखेरी त्यहाँ संसदभित्रैबाट अर्को सरकार खोज्ने स्थितिमा चाही जानु भएन होला । मलाई काम गर्न नदिएको हुनाले म जनतामा जान्छु भनेर भन्नु भो त्यो सदर भा स्थिति हो । हाम्रो संविधानमा कहि लेख्या छ र प्रधानमन्त्रीले यस्तो गर्छ भनेर, आज धेरै संविधानविद्हरुले व्याख्या गर्ने गर्छ कानुनविद् हरुले । धारा

धारा पल्टाएर उपधारा कहाँ लेख्या छ भन्नुहुन्छ त्यतिखेर पनि लेखेको थिएन । तर लोकतन्त्रमा एउटा के हुन्छ भने देखि सार्वभौम जनताको विश्वास प्राप्त बहुमत प्राप्त दलको नेता जसले यो प्रधानमन्त्री संचालन गर्न हक प्राप्त त्यो व्यक्तिको अन्तिम चाही के रे फैसला गर्ने कुरा । त्यो व्यक्तिले अन्तिम फैसला गर्ने कुरा । संसदीय शासन प्रणालीमा प्रधानमन्त्रीको कतिपय कुराहरु सर्न्दभमा चाहि महत्वपूर्ण अधिकारहरु हुन्छन । म चाँहि यो चाहि पार्टीभित्रको स्वार्थपरक सौद्धाबाजीमा फस्दिन म । लेनदेनमा फस्दिन म । कसैलाई तलमाथि गर्दिन । जनताले नै हामीलाई यो ठाउँमा पुर्‍याएको हो । आज झगडाको कारण यो ठाउँमा हामी काम गर्न सकेनौ भने फेरि पनि जनताको बीचमा जाने कुरा । लोकतन्तत्रमा चुनाव जहिले पनि लोकतान्त्रिक विधि हो । लोकतन्त्रमा संकट आयो भने जनताको बीचमा जाने हो । नेताहरु बीचको सौद्धाबाजी गरेर, पदहरु बाँढेर, सांसदहरुलाई भेडाबाखा झै खरिदबिकी बनाएर संसदीय फोहरी खेल खेल्न भन्दा जनताको बीचमा जाने कुरा सवभन्दा लोकतान्त्रिक कुरा भन्छु मैले । त्यसकारण यहि चाहि परिस्थिति बीचमा यो चुनाव प्रतिनिधिसभा भंग गरिराख्याछ नेपाल सरकारले । प्रधानमन्त्रीज्युले । त्यसकारणले यो अलोकतान्त्रिक यसकारणले होइन कि चुनाव एउटा लोकतान्त्रिक पार्टीको लागि जनताको बीचमा जाने, आफ्नो संकल्प गर्नुपर्ने, गरेका कमजोरीहरुका सर्न्दभमा जनतासँग माफी माग्ने, आगामी दिनको प्रतिबद्धता जाहेर गर्ने यो त ढोका खाली त्यो प्रधानमन्त्रीको लागि मात्र खोलेको होइन, ढोका त सबैलाई खुलेकै छ । हिजो चाहि बहुमत प्राप्त गर्न नसक्ने दलहरुलाई पनि बहुमत प्राप्त गर्ने एउटा अवसर प्राप्त भाछ । एउटा पनि सीट प्राप्त गर्न नसक्ने दलहरुलाई पनि सीट चाही केहि न केहि आर्जन गर्ने शक्ति आर्जन गर्ने एउटा अवसर प्राप्त भाछ । जनताले विश्वास गर्‍यो भने यो चाहि अवसर प्राप्त हुन्छ । त्यसकारणले जनतालाई ठुलो मान्ने कुरा डेमोक्रेसी इज द फोर द पीपल वाई द पिपल भन्या होइन अब्राहम लिंकनले । आज हामीले त्यही आर्दश मानेका छैनौ । जनताले त्यो डेमोक्रयासीको माध्यम बाट जनताले सत्ता सुम्पियो, हामीले ठीक ढंगले संचालन गर्न सकेनौ जनताले न्याय देउ अब

प्रधानमन्त्रीले ठीक बेठीक गर्‍यो कि दलभित्रका के रे प्रधानमन्त्रीको खोजीमा हमेसा एउटा अत्यासको खोजीमा, कुनै न कुनै पदको खोजीमा जहिले पनि सरकारलाई अप्ठ्यारो पारिराख्ने व्यक्तिहरु ठीक हुन कि प्रधानमन्त्री ठीक हुन ? त्यो फैसला जनताले गर्ने हो अब । पार्टीले फैसला गर्ने स्थितिमा रहेन । अनि प्रतिपक्षमा रहेका अरु दलहरु जो जो छन तिनले हिजो बहुमत प्राप्त गरेनन भने के कारणले गरेन अब तिनलाई पनि बहुमत प्राप्त गर्न दिन सक्नी भो जनताले । सप्पै कुरा जनता जनार्धनमा सुम्पिने कुरा अन्त्वगत्वा त्यो भन्दा लोकतान्त्रिकक बाटो अभ्यास, प्रकिया अरु छैन । लोकतन्त्रमा कम से कम हामी सबै नेताहरु सुध्रिने अवसर पनि मिल्छ । चुनावमा । चुनावमा पार्टीको पुर्नगठनको सर्न्दभ पनि आउछ हामीलाई । चुनावमा नेतृत्वको विकास गर्ने अवसर पनि आउछ । यति धेरै चाहि ३६, ६० जना व्यक्तिहरु यो चुनावको माध्यमबाट यो नेतृत्वमा आको होइन । चुनाव नहुने भए, यो संरचना नहुने भए यो कहाँ हामी कहाँबाट आउथ्यौ हामी । त्यसकारण चुनाव नेतृत्व हस्तान्तरणको लागि नेतृत्व विकासको लागि पनि एउटा महत्वपूर्ण माध्यम हो । पार्टीहरुको शुद्धिकरण, सुढृणीकरणको लागि पनि महत्वपूर्ण माध्यम हो । हामीले गरेका कामहरुमा पश्चताप गर्ने या चाहि आगामी दिनमा संकल्प अठोट गर्ने अर्को ठुलो प्लेटफर्म पनि हो । अनि त्यो चुनाव कसरी अलोकतान्त्रिक हुन्छ । त्यसकारण चुनाव जहिले पनि चुनावको माग गर्ने कुरा संर्दभ के हो, कुन पृष्ठभूमिमा चुनावको माग गर्‍यो त्यो छलफलको विषय हुन सक्छ त्यो । तर चुनावै अलोकतान्त्रिक भन्ने कुरा मान्यतामा पुग्ने हो भने देखि हामीले अहिले सम्म भन्दै आएको जुन आर्दशको लागि लड्दै आयौ त्यो आर्दश माथि आफैले आत्मघात गरेको हुन्छ । मलाई त्यस्तो लाग्छ । त्यसकारणले यो चुनाव अलोकतान्त्रिक भन्ने हुदैन । दोश्रो कुरा असंवैधानिक किन नहोला भने देखि प्रधानमन्त्रीले त संविधानमै टेकेर गर्ने हो । प्रधानमन्त्रीले गर्ने कुराहरु ऋनि प्रधानमन्त्रीले लोकतन्त्रमा राप्ट्पति भनेको गणतन्त्रको एउटा प्रतिक हो नि । आज चाहि आफुलाई मन नपर्ने काम भो भनेर जसरी एउटा चाहि गणतन्त्र प्रतिकको रुपमा रहेको राष्ट्रपति जो चाहि श्री ३, श्री ५ महाराजधिराजहरु

बसेको ठाउँमा जनताको एउटा चाहि सन्तान त्यो चाहि गणतन्त्रको प्रतिकको रुपमा बस्छ । त्यसले हामीले भन्यौ गणतन्त्र आइसके पछि राष्ट्रको प्रमुखसँग कार्यकारी अधिकार हुदैन । केहि संवैधानिक अधिकारहरु मात्रै हुन्छन । या त चाहि एउटा हेड अफ द स्टेट खाली एउटा सिम्बोलीक रुपमा मात्र रहन्छ लाहाछाप लाउने मात्र त हो नि । कार्यकारीले जे जे निर्णय गर्‍यो, जे जे सिफारिस गर्‍यो केहि निश्चित उहाँलाई दिएको अधिकार बाहेक सप्पै मन्त्रीपरिषदले सिफारिस गरेको कुरा यो हुदैन भन्ने अधिकार नै छैन संविधानमा त्यसकारण गणतन्त्रमा राष्ट्पतिको बद्नाम गर्नी भनेको गणतन्त्रलाई कमजोर बनाउने कुरा हो । गणतन्त्रमा राष्ट्पतिलाई राजामहाराजाको स्थानमा बसेर हेर्न मिल्दैन । हामीले चाहेको आशा गरेको विषय के भने देखि एउटा राष्ट्पति जो गणतन्त्रको प्रतिकको रुपमा बस्याछ त्यो राष्ट्पतिले महाराजधिराजको जस्तो चाहिआलिशन वा व्यवहार त्यस्तो जीवनपद्दती नगरोस्, त्यो कम से कम जनताको छोराछोरी जस्तै गरेर बसोस् अधिकारको हिसावले राष्ट्पति भए पनि भन्ने हाम्रो चाहनाको विषय चाहि अस्वाभाविक होइन । किन हाम्ले त्यहि राजामहाराजाको आलिसन त्यो वैभवपूर्ण के रे जुन उसको जीवन पद्दती हुन्छ त्यो चाहि त्यही ठाउँमा बसेको हुनाले अब गणतन्त्रमा श्री ३, श्री ५ महाराजले जे खालको एउटा आलिसन एउटा वैभवपूर्ण जिन्दगी एउटा संभ्रान्त जिन्दगी बिताको हुन्छ त्यस्तो जिन्दगी बिताउन हुदैन भन्ने हो हाम्रो । हाम्रो आलोचना त्यहानेर मात्रै हो । हामी त्यही संस्थालाई ध्वस्त गर्न खोजियो भने हामी के गर्छौ गणतन्त्र कसरी बलियो हुन सक्छ । अनि चुनावकै विरोध गरिराख्ने हो भने लोकतन्त्र कसरी सुढृढ हुन सक्छ । लोकतन्त्रमा कहि कमजोरी देखियो भने चुनावकै माध्यमबाट त्यो सुढृढ हुन सक्छ । जनताका माध्यमबाट मात्र त्यो सुढृढ हुन सक्छ । त्यसकारणले त्यस हिसावले अहिलेको संवैधानिक व्यवस्थामा खाली हाम्रो संवैधानिक व्यवस्था के मात्रै हो भने देखि संविधानको जे प्रावधानहरु छन सरकार मन्त्रीपरिषद गठन गर्ने भन्ने कुरामा त्यो खाली चाहि प्रतिनिधि सभा गठन पछाडिको क्रममा कस्तो कस्तो संर्दभमा पहिलोस्तरको मन्त्रीमण्डल गठन हुन्छ । संसदमा एउटा दलले बहुमत प्राप्त गर्ने बहुमत प्राप्त

दलको नेता प्रधानमन्त्री हुन्छ । यो एउटा प्रावधान हो । यदि कुनै दलले प्रतिनिधि सभामा बहुमत प्राप्त गर्न सकेन भने दुई वा दूई भन्दा बढी दलको समर्थन प्राप्त बहुमत प्राप्त व्यक्ति कुनै पार्टीको त्यो व्यक्ति प्रधानमन्त्री हुन्छ । यो पनि दुइ वा दुइ भन्दा बढी दलको सहमती हुन सकेन भने ५१ सालमा जस्तै त्यो प्रतिनिधि सभामा लारजेस्ट पार्टीको संसदीय दलको नेता प्रधानमन्त्री हुन्छ र यो तीन वटै प्रकृतिमा पनि त्यो प्रधानमन्त्रीले एक महिनाभित्र विश्वासको मत लिइसक्नुपर्छ । हाम्रो अहिलेको नयाँ संविधानले ७२ को नेपालको संविधानले व्यवस्था गरेको थप केहि मन्त्री भयो भने देखि यही कारणले फेरि ६ महिनाभित्रै चुनाव र्गे ठहर एक महिना भित्रै नपुगोस् प्रतिनिधि सभा पहिल्यै गठन भएको भनेर चाहि अर्को थप प्रावधान के राखेको छ भने देखि प्रतिनिधि सभाको कुनै सांसदले यो प्रतिनिधि सभाको बहुमत सदस्यले विश्वास मलाई छ भनेर दावा गरेर हस्ताक्षर सहित राष्ट्पति कहाँ फेरि पनि आवेदन दियो भने राष्ट्पतिले त्यस्तो व्यक्तिलाई फेरि पनि त्यो भन्या के भने देखि घुमिफिरी त्यो उपधारा २ चाहि आकर्षित हुने ठाउँमा पुगोस् भनेर २ वा २ भन्दा बढी दल नमिलिकन त्यो त हुदैन त्यो पुगोस् भनेर त्यो ठाउँ फेरि पनि दिएको हो । हामी चाडो भन्दा चाडो चुनावमा जान नपरोस् भनेर । यो चाहि पहिलो पटक प्रतिनिधि सभाको गठन पछि सरकार निर्माण गर्ने चार वटा प्रावधानहरु राख्याछौं । यस बाहेक प्रधानमन्त्रीले केहि गर्ने अधिकार हुदैन । आफ्नो दलभित्र दुईतिहाई ६४ प्रतिशत भन्दा बढी के रे बहुमत प्राप्त दलको नेताले काम गर्न पाएन, काम गर्न सकेन नेपाली काँग्रेसको कारणले होइन, प्रमुख प्रतिपक्षको कारणले होइन् । जनता समाजवादीको कारणले पनि होइन । अरु साना दलहरुको कारणले पनि होइन । आफ्नै दलको नेताहरुको कारणले, आफ्नै दलभित्रको झगडाको कारणले यसै नगर्ने हो भने के हुन्छ । मैले मेरो पार्टीको समस्याले गर्दाखेरी यो काम गर्न सकिन, अब ६४ प्रतिशत बहुमत प्राप्त संसदीय दलको नेताले चाहि सिफारिस गर्दा उसले हेर्दा ६४ प्रतिशत असफल भयो भने बाँकी ३६
प्रतिशतको सरकार बन्छ कि बन्दैन प्रतिनिधि सभामा, बन्दैन नि । त्यसकारण

उहाँले संसद विघटन गरेर मध्यावधिको सिफारिस गर्नु भाको हो । यसमा आफ्नो पक्ष विपक्ष होला मैले भनेको यसकारणले प्रधानमन्त्रीले संविधान बमोजिम गरेको निर्णयहरु असंवैधानिक कहिल्यै पनि हुदैनन । हामीलाई मन पर्‍या छैन, अहिले चाहि प्रतिनिधि सभा विघटन नभइदिए हुन्थ्यो भन्ने चाहाना त मेरो पनि व्यक्तिगत रुपमा थियो । तर परिस्थितिले हामीलाई त्यही पुर्‍यायो । अनि हामी अर्को तरवबाट पनि हेरौ हामी आफ्नै दलले चाही दलको नेता संसदीय प्रणालीमा संसदीय दलको आफ्नै नियमावली छ दलको नेपाली काँग्रेस संसदीय दलकोै विधान छ । नेपाल कर्मनिष्ट पार्टी नेकपाको आफ्नै विधान छ संसदीय दलको । अरु सप्पै पार्टीको विधान छ । त्यो विधान मुताविक नै त्यो संसदीय दल चल्ने होला नि । पार्टीको विधानमा त अफिस चल्दैन त्यो । त्यो विधान मुताविक चल्दाखेरी पार्टीले तेलाई अनुमोदन गर्‍या हुन्छ त्यो संसदीय दलको विधानलाई । संविधानमा के भन्या हुन्छ त्यो विधानमा त्यो दलको नेताको अनुमति सहमती जानकारी विना संसदको कुनै मान्छेले तलमाथि गर्‍यो भने कारवाही हुन्छ । अनि एकिकृत संसदीय दलको नेतालाई त्यो एकिकृत संसदीय दल बसेर हटाको पनि छैन । कारवाही गर्‍या पनि छैन । अर्को दलको नेता चुन्या पनि छैन । अनि त्यो दलको नेताको विरुद्धमा प्रधानमन्त्रीको विरुद्धमा, सरकारकै विरुद्धमा त्यो दलको कुनै सांसदहरु मिलेर अविश्वासको प्रस्ताव ल्याउने काम भो भने के हुन्छ । अविश्वासको प्रस्ताव आ र अविश्वासको प्रस्ताव पारित भो भने देखि ६४ परसेन्टको आधा निस्केपछि अब ३२ परसेन्ट त्यो भैहाल्यो ३६ परसेन्ट त उता छदैछ । अरु विपक्षीहरुले पनि साथ दिइहाल्यो भने त्यो त स्वत पास हुने भयो । प्रधानमन्त्री जाने भो । प्रधानमन्त्री गइसकेपछि हुन्छ के? त्यो बेलासम्म हाम्रो दल पनि विभाजित पनि भैसक्या छैन । आजको दिनसम्म नेपाल कम्निष्ट पार्टी नेकपा प्रचण्ड, माधवको समुह, नेपाल कम्निष्ट पार्टी नेकपा, ओली समुह यो दुइटैको मान्यता प्राप्त मान्यता हामीले पाएका छौ । अनि त्यस पछाडि त्यो चाहि जहाँ हाम्रो ६४% बहुमत प्राप्त दलको नेता अविश्वासको प्रस्तावबाट विफल अर्थात असफल हुन्छ सरकार बन्ने प्रकृया कसरी बन्ला ? कसैले यो कुरा सोच्नु भाछ । सरकार

बन्ने प्रकृया कसरी  होला ? अनि त्यहाँ चाहि तपाईको के.पी. ओलीलाई प्रधानमन्त्रीबाट हटाउने मान्छेहरुले उहाँहरु नै हुनुहुन्छ भन्ने ग्यारेण्टी के छ ? प्रचण्ड कसरी ग्यारेण्टी प्रधानमन्त्री हुन सक्छ त्यहाँबाट? देउवा पनि हुन सक्ने भो, बाबुराम भट्राई पनि हुन सक्ने भो या चाहि तपाईको दुर्गा पौडेल पनि हुन सक्ने भो कोही पनि मान्छे हुन सक्ने भो । त्यो प्रकृया कसरी छुन्छ हाम्रो संविधानले कहाँ लेख्या छ यो दल त्यागको हिसाव होला, प्रतिनिधि सभा नियमावली होला तेले के भन्छ कसरी चाहि यो प्रकृया जादाखेरी ३,४ महिना जान्छ कि जादैन ३,४ महिनासम्म यो मुलुक संसद विहिन सरकार विहीन हुन सक्छ त्यसो भयो भने व्यवस्था माथि संकट पैदा हुन्छ कि हुदैन ? त्यसकारण व्यवस्थालाई बचाउनको लागि प्रधानमन्त्रीले संसद भंग गर्‍या हो भन्छु मैले चाहि । त्यसकारणले यो अलोकतान्त्रिक पनि होइन, असंवैधानिक पनि होइन । यति कुरा राखेर बाँकी विषय त यो आ आफ्नो विचार राख्ने क्रममा मैले यो विचार राखेको हो । अ ,,,, त्यस पछाडि हामी जुन ठाउँमा उभिएका छौ मलाई लाग्छ चुनावमा त भाग सबैले लिन्छ । काँग्रेस संसदीय दलका नेता शेर बहादुर देउवाले भनेको कुरा हामीले सुनेकै छौ । चुनावको तयारी गर । चुनाव हुन सक्छ । जनता समाजवादीको अध्यक्ष केरे केन्द्रिय परिषदको अध्यक्षले पनि भन्नु भा छ । संसद पुनस्थापनाको संभावना झिनो हो । मुलुक त चुनावमै गो चुनावको तयारी गर । मुलुक त चुनावमा गइसक्यो । अनि सारा ठुला दोश्रो र तेश्रो पार्टीले चुनावमा भाग लिन्छ अनि किन अरु पार्टीले चुनावमा भाग लिन्छ चुनाव  त विरोधको कुरा त एउटा कुरा होला पोलिटिकल कन्जक्सनमा पोलिटिल कुरा गर्ने एउटा कुरा होला तर चुनाव मात सबैले तयारी गर्छन अरु विपक्षी त हाम्रो यत्रो ठुलो पार्टी विभाजन भएर चुनावमा जादाखेरी अरु सबैलाई खुशीको कुरा छ नि मन भित्र त । उनीहरुलाई सजिलो कुर छ उनीहरु चुनावमा गइहाल्छन । अनि सरकारले सिफारिस गरेको उ चुनावमा जाने भइहाल्यो । सिंगो संसद चुनावमा जाने परिस्थिति बन्दाखेरी निर्णय के गर्ला त्यो पनि हेर्ला । त्यसकारण यो सप्पे स्थितिमा जुन ठाउँमा हामी अप्ठ्यारो स्थितिमा उभिएका छौ यहि बेला यो गण्डकी प्रदेश पनि प्रदेश

सभाको सभाभित्र विशेष अधिवेशनको माग गरेको हुनाले हाम्लाई चिन्ता के थियो भने विशेष अधिवेशन कहि डिले भएर कहि राजनीतिक राष्ट्रिय राजनीतिको दुर्गन्धित खेलमा चाहि पस्छ कि भन्ने चिन्ता थियो । तर आज हामी सर्वदलिय बैठक त्यो कुराहरु सबैलाई चाहि अहिलेलाई चाहि यसलाई यो अहिले विवादको थलो बनाउने एउटा संकल्पको थलो बनाउने एउटा चाहि तपाईको प्रतिपक्ष र सत्तापक्षको बीच साझा सहमतिको थलो बनाउने भन्याछौ । यसमा जस्ले त्यो प्रस्ताव गर्नु भाछ प्रतिबद्धता जाहेर गर्नुभाछ । प्रदेश प्रमुखले पनि हाम्लाई त्यही सुझाव दिनुभाछ । त्यसमा अरु कुरामा नलाग्नुस् जे कुरामा जे विषय हो त्यही विषयमा मात्र केन्द्रित रहनुस् भन्याछ । आज हाम्रो सभामुख सहितको बैठकले यो निर्णय गर्या हुनाले अहिले हामी यो ठाउँमा उभिएका छौ । अ अव फेरि दोश्रो कुरामा के भन्न चाहएको हो भने देखि गण्डकी प्रदेशको धेरै कुराहरु उठ्याछ अघि होइन, म चाहि थोरै कुरा मात्र के भन्न चाहेको हो भने देखि हामी २,३ वटा एजेण्डाहरु, तपाईहरुले उठाउनु भएका विषयहरु कोभिडको कारणले लकडाउन भो लकडाउनको कारणले हाम्रो अर्थतन्त्रमा जे खालको असर पर्‍यो त्यो असर पहिलो रिक्याप गरेको मेकअप गरेको प्रदेश गण्डकी प्रदेश हो । यहाँहरुलाई सकभर भन्न चाहान्छु नेपाल सरकारले तपाईको लकडाउन शुरु भएछि चेत्र र बैशाखको केरे निष्कर्ष निकाल्यो हाम्रो अर्थतन्त्र कहाँ गाछ भनेर धेरैको अर्थतन्त्र तल तल झर्‍यो । करिव चाहि हाम्रो ८. समथिङको बद्धिदरमा भको हामीले यो वर्ष ९.२ को आर्थिक वृद्धिदर राख्ने हामी चाहि लक्ष उद्देश्य लिएको गतवर्ष ७.१ प्रतिशत आर्थिकवृद्धिदर हासिल गरेको यो सबै हिसावले हाम्रो ९ परसेन्ट आर्थिक वृद्धिदर हुने स्थिति छदै थियो तर लगडाउनको कारणले त्यो सबै तलमाथि पर्‍यो । हाम्रो २.६९ मा झर्‍यो । नेपालको चाहि २.६८ मा झर्‍यो । नेपाल सरकारको नेपालको सिंगो नेपालको । अरु धेरै प्रदेशको तल तल झर्‍यो । हामी भन्दा कर्णाली प्रदेशको कम थियो । किनभने कर्णाली प्रदेशमा उधोग पनि नभाको पर्यटन पनि धेरै नभको खाली कृषिमा आधारित अर्थतन्त्र भा हुनाले त्यसलाई कोभिडले साह्रै ठुलो असर नपारेको कारण उनीहरुको यो आर्थिक वृद्धिदर डाउन

हुने कुरा उनीहरुको कम थियो । तर पछाडि जेठ असार सम्मको स्थितिलाई मुल्यांकन गर्दाखेरी नेपाल सरकारको २.६८ को ठाउँमा ०.६ परसेन्टमा झर्‍यो उसको । अर्थात झन्डै झण्डै माइनसमा आयो नेपाल सरकारको । अरु सप्पै प्रदेशको माइनसमा छ । यो गण्डकी प्रदेश मात्रै त्यस्तो प्रदेश हो जसको २.२९ मा कायम रह्यो । हामी जिरोमा झरेनौ । त्यस्को एउटा मात्र कारण के थियो भने गण्डकी प्रदेशले शुरुका दिनदेखि शूरुमा लगडाउन शुरु गर्ने पनि उही हो । संघीय सरकार भन्दा एक  हप्ता अगाडि लगडाउन शुरु गरेको नाका बन्द गरेको तर हामीले नेपाल सरकार भन्दा अरु प्रदेशहरु भन्दा एक महिना अगाडि नै हामीले यो लगडाउनको बीचमै नयाँ मोडालिटीमा लगडाउनमा चेन्ज गर्नी भनेर विकास निर्माणको कामहरुको थालनी गर्न थाल्यौ हामीले । मजदुरहरु खोज्दै ल्याएर हाम्ले काममा लगाउन थाल्यौ । ठेकदार मजदुरहरु सबै खोजेर ल्याएर काम शुरु गर्‍यौ हामीले । खाधन्नसँग जोडिएका उधोग चलाउन शुरु गर्‍यौ हामीले र खाधन्नसँग जोडिएको अरु चेनै चेन इफेक्ट हुदो रछ अरु सप्पै विस्तार विस्तार खोल्ने स्थिति बन्यो र एक महिना अगाडि उधोग कारखाना विकास निर्माणको काम शुरु भएपछि त्यसले हाम्रो अर्थतन्त्रलाई जिरोमा झार्न नदिएको कुरा पनि स्मरण गराउन चाहान्छु । हाम्ले आफनो लेवलबाट जति सक्ने हो त्यति गर्ने हो । अब हामी यो भन्दा बढी गर्न सक्ने लेवलमा ठाउँमा हामी छदै छैनौ । त्यसकारणले जुन चाहि हिसावले काम गरिराछौ यो चाहि असाध्यै महत्वपूर्ण ठाउँमा हाम्ले आफुलाई उभ्याएको कुरा पनि स्मरण गर्न चाहान्छु ।  हाम्ले यो वर्ष चाहि धेरै साथीहरुले केरे यसलाई विरोधको विषय बनाउनु भाछ आलोचनाको विषय बनाउनु भा छ । त्यो यहाँ के स्मरण गराउन चाहान्छु भने नयाँ नयाँ कार्यालयहरु खोल्यो कार्यकर्ता भर्ती गर्‍याछ । अहिले त ४८, ४९ को जमना छैन मित्रहरु जहाँ चाहि मन्त्रीले तोक लगाएर जागीर दिन्थ्यो । जहाँ चाहि डिजीहरुले तोक लगाएर जागीर दिन्थ्यो । अहिले त हरेक कुराहरु सरकारले निर्णय गर्नु पर्‍यो । सरकारले निर्णय गरेर तपाईको विधि विधानमा जानु पर्‍यो विधि विधानमा जानु पर्‍यो प्रतिस्पर्धामा जानु पर्‍यो बिना प्रतिस्पर्धा कुनै एकजना

पनि हामी जागीर ख्वाउदैनौ । त्यसकारणले गर्दा अहिले चाहि हामी के गर्‍याछौ हामीले हाम्रो यो पूजीगत खर्चको व्यवस्थापन अझ दुरुस्त गर्नको लागि नेपाल सरकारले जुन चाहि हाम्रो विपक्षमा निर्णय गर्‍या भन्छु मैले अत्यन्त अपर्याप्त निर्णयहरु गर्‍यो । संरचनाहरु जिल्लाका विकास निर्माणका अड्डाहरु आधा एकतिहाई मात्र हस्तान्तरण गर्‍यो बाँकी त्यो त्यसै राख्यो । त्यसले गर्दा चाहि हाम्रा खानेपानीको, सिचाईको या चाहि बाटोघाटो पुल पुलेसाको, कृषि या पशुजन्य जोडिएका या जनताका मौलिक अधिकारसँग विकास निर्माणका सब कामहरुमा चाहि त्यसले साह्रै ठुलो प्रभाव पारेको हुनाले हामीले चाहि के गर्‍यौ पूर्वाधारका कार्यालयहरु हाम्ले सप्पै जिल्लामा पुर्‍याकाछौ । खानेपानीको सवै जिल्लामा पुर्‍याकाछौ । सिचाईको, वनको सप्पै तल चाहि कृषिको पशुको सवै जिल्लामा पुर्‍याउने हाम्ले निर्णय गरिसक्याछौ । खली हाम्ले पहिल्यै भएको कार्यालयहरु स्थापना गर्न नसकेको एउटा भू तथा जलाधारको मात्रै हो । त्यसको पनि हाम्ले वर्कआउट गर्दैछौ । कतिजना चाहिने हो त कर्मचारी बढी र हाम्ले नयाँ कार्यालयहरु खोल्दाखेरी कृषिका या पशुको, सिचाई या खानेपानी पूर्वाधारको हाम्रो अहिले जति विधमान छ कर्मचारी दरवन्दी त्यो दरवन्दी भन्दा एकजना पनि नथपिने गरेर त्यही दरवन्दीलाई हाम्ले बाँडफाँड गरेर दुखजीलो भन्छौ नि गाउँघरतिर दुखजिलो गरेर बाडफाँड गरेर १० जना चाहिने ठाउँमा हाम्ले ७ जना ६ जना पठाएर त्यहाँ कार्यालय स्थापना गरेर त्यो जिल्लाको जनताले त्यही जिल्लाको कार्यालयबाट सेवा पाउने ढंगले संघीय प्रणालीको प्रत्याभूति दिनको लागि पनि हामीले यो काम गरेका छौ । त्यसकारण यसमा चाहि हामीले जति दरवन्दी छन दरवन्दि भन्दा वाहेक छन । बाँकी थप हाम्रा प्रोजेक्टहरु छन । जस्तो मुख्यमन्त्री नमूना गाउँ लगायतका केहि यस्ता होमस्टेहरु यस्ता गाउँहरु छन जुन प्रोजेक्टलाई चाहिने हामीले त्यो कार्यक्रम अनुसारको चाहिने कर्मचारीहरु छन ती कर्मचारीहरुलाई हाम्ले चाहि विज्ञापन गर्छौ अनि करारमा भर्ना गर्दाखेरीमा पनि त्यसको आधारमा उहाँहरुको सर्टलिष्ट गर्छौ त्यस पछाडि फेरि चाहि इन्टरभिउ हुन्छ अनि मात्र ती मान्छेहरु छनौट हुन्छ । किनभने त्यसमा

गर्न जरुरी छ भने ५ जना मेकानिकल इन्जिनियर मागेकोमा ५०० को पर्‍यो भनेछि कति धेरै कम्पीटिशन होला । कति धेरै जागिरको डिमान्ड होला अहिले । त्यसकारण यो खोल्तीबाट झिकेर दिन न हाम्रो सिस्टमले दिन्छ न हाम्रो केरे वस्तुगत परिस्थितिले दिन्छ केहि पनि हुदैन । त्यसकारणले त्यस आधारमा हाम्ले काम गरेका छौ र यस पटक चाहि हाम्ले सप्पै आधारभूत चाहि हाम्रो प्रदेशको पूँजीगत खर्चसँग जोडिएर कार्यालयहरु सप्पै स्थापना भैसक्या हुनाले यो वर्ष हाम्रो अर्थमन्त्रालयले प्रक्षेपण गर्‍या छ कि यो वर्ष हाम्रो खर्च धेरै हुन्छ । गतवर्ष हाम्रो अल्या कति थियो ७ अर्व हुन्छ भन्ने हाम्रो अर्थमन्त्रीजीको अनुमान थियो । बाँकी वक्यौता खर्च गर्न नसकेको त्यसलाई पनि अर्को सालको बजेटमा जोड्दाखेरी हाम्ले चाहि कम से कम ३० अर्व जतिको बजेट माथि गयो भने ७ अर्व जतिको जोड्दाखेरी ३७ अर्व हुन्छ भन्ने अनुमान गर्‍याथ्यौ । यो पटक चाहि १ अरव पनि बच्दैन  हाम्रो । हामी बचाउन पनि चाहान्नौ जति धेरै खर्च गर्न सक्यो त्यसको इम्पेक्ट त अर्के हुन्छ । हाम्रो बजेटको भोलुम घट्छ भनेर हाम्ले खर्च नगरेर बस्ने होइन । त्यसकारणले त्यो ठाउँमा हामी छौ यो पटक । त्यसकारण यो पटक खर्च प्रक्षेपण ९० प्रतिशत कट्ने हामीले देखेका छौ । अहिले कति भो त्यो छोड्दिनुस् । प्रथम चौमासिकमा त हाम्ले खर्च गर्न सक्ने स्थिति नै होइन कहिल्यै पनि नेपालमा । साउन देखि कार्यविधि बनाको बनाइछौ कार्यविधि अझै सकिया छैन । त्यस स्थितिले गर्दा हामी यो ठाउँमा उभिएको मात्रै हो । अब यसैभित्र बजेटको कुराकानी गर्दाखेरी बजेटको अरु ठुलो बजेटको अव आउने वर्ष चाहि हाम्रो बजेट घट्न सक्छ । केन्द्रको राजश्व बढेन भने देखि शुल्क बढेन भने त्यहाँको कर भ्याट बढेन भने हामी चाहि विदेशी आन्तरीक या वाह्य ऋृण कति लिन्छौ अनुदान कति पाउछौ भन्ने कुरासँग नजोडिकन आफ्नो सामर्थ्यको १५ खरवको बजेट ११ खर्व त हाम्रो आन्तरीक हो राजश्वबाट उठ्ने भन्या हो । त्यो सवलाई आधार मान्दा पनि यस वर्ष आउने बजेट घट्ने देखिन्छ । २८,३० अर्वमा कायम हुन सक्छ किनभने हामीसँग अल्याबाट ल्याउने पैसै राख्दैनौ हामी । र माथिबाट स्वात्तै बढेर आउने संभावना छैन माथिबाट समानीकरण

अनुदान स्वात्तै बढेर आयो भने हाम्रो बजेट ठुलो हुन्छ त्यस हिसावले हेर्दाखेरी हाम्ले अहिले विचार पुर्‍याउनुपर्ने माननीयजीहरुले उठाउनु भएको विषयवस्तु केहो भनेदेखि यो बहुवर्षिय आयोजनाको स्थिति के हुन्छ हामीसँग ३०६ वटा बहुवर्षिय आयोजनाहरु छन । त्यो ३०६ वटा वहुवर्षिय आयोजनाहरुलाई कार्यान्वयन गर्नका लागि पहिला वहुवर्षिय आयोजना हाम्ले एकिकृत कार्यविधि बनाएर अर्थमन्त्रालयले एकिकृत कार्यविधि बनाएर अर्थमन्त्रालयले के चाहि हामीलाई के चाहि पलानिङ कमिशनको भैसीसँग मिलेर के चाहि जोड दिने भो वहुवर्षिय आयोजना पनि त्यो समितिले मात्र सिफारिस गर्न सक्छ । किनभने वहुवर्षिय आयोजना भनेर ठ्याक्क वहुवर्षियमा गएर टेण्डर गरेर मात्र हुदैन त्यसको श्रोतको ग्यारेण्टी हुन पर्‍यो । एक अरव लाग्ने सडक छ भने अहिले हामी चाहि ५ करोड ५ अर्व छुट्याउने अनि वहुवर्षिय गर्‍यो भने त्यो चाहि तपाईको कार्यान्वयन हुदैन । त्यसकारणले कम से कम एक अर्व लाग्ने छ भने कम्तीमा चाहि हाम्ले २० करोड छुट्याउनुपर्छ भन्या छौ प्रदेशमा चाहि बहुवर्षियमा जानको लागि त्यो भयो भने के हुन्छ भने ५ वर्षमा ३ वर्षमा बन्ने स्थिति बन्छ भनेर भन्याछौ । हाम्ले हिसाव गर्दाखेरी हाम्रो यो वर्ष र अर्को वर्ष ठुलो चाहि यो बहुवर्षिय आयोजनाहरुले गर्दाखेरी धेरै चाहि भार पर्छ । १४,१५ अर्वको भार हाम्लाई पर्छ । त्यसको लास्ट वर्षदेखि हाम्लाई धेरै चाहि तपाईको होलो भइहाल्छ । बाँकी बचेको १२,१३ अर्व के मा खर्च गर्छौ हामी । नयाँ ठेलो ठुलो प्रोजेक्टहरु शुरु गर्छौ हामी । त्यो ठाउँमा बस्या हुनाले सप्पै हिसाव किताव गरेर भोली चाही अर्थतन्त्र तलमाथि नहुने गरी एउटा बजेट हिटिङ या फ्रिजिङ नहुने गरेर हाम्ले यो खालको मध्यकालिन खर्च संरचना पनि हेरेर हाम्ले खर्च गरिराछौ । आगामी हाम्रो वहुवर्षिय योजनाहरुको खर्च कसरी हुन्छ भनेर त्यसको ग्यारेण्टी गरेर मात्र खर्च गरिराछौ । नभइ नहुने २,४ वटा वाहेक अरु वहुवर्षिय योजनाहरु यो वर्ष थप्दैनौ हामी । अब दुम्कीवास यो के रे त्रिवेणीको भयो भने त जतिसुकै भय पनि हामीले केन्द्र सरकारबाट पैसा ल्याएर भए पनि त्यो काम शुरु गर्न परिहाल्छ । यस्ता केहि महत्वपूर्ण कुराहरु बाहेक अरु यो वर्ष हामी वहुवर्षियमा जादेनौ । त्यसैले बहुवर्षिय योजनाहरु आजसम्म जतिपनि

स्वीकृति भाछ त्यसको श्रोतको व्यवस्थापन भाछ । ३ वर्षभित्र सक्ने गरेर सवै योजनाहरुको बनाएको कुरा म यो सम्मानित सदन समक्ष बनाउन चाहान्छु । अरु अर्को अन्तिममा म के भन्न चाहान्छु भने देखि अहिले चाहि हामी कोभिडको बारेमा धेरै कुरा उठाएका छौ । नेपाल सरकारले केहि गरेन भन्ने पनि उठाएको छ । हाम्रो प्रदेश सभामा नेपाल सरकारको चाहि सँगै मिलेर प्रदेश र स्थानिय तहले धेरै काम गर्नुपर्ने भा हुनाले पनि त्यो विषयसँग जोडिएका कुराहरु हामीसँग पनि जोडिएर आउछ । त्यसकारण अहिले चाहि नेपालमा पहिलो पटक हरेक गाउँपलिका, नगरपालिकामा सानोमा १५,५ सैयाको, मध्यमखालको १० सैयाको र जनसंख्या धेरै भाको पालिकाहरुमा १५ सैयाको अस्पताल बनाउने भनेर एक खर्व लगानी गरेर यो वर्ष हाम्ले ३९६ वटा त अस्ति भर्खर १४ गते शिलन्यास नै भै सक्यो एकैदिनमा बाँकी धेरै कुरा ७५३ वटै बनाउने योजना पनि अगाडि बढीराछ । त्योबेला खाली चाहि जग्गाहरु प्राप्त भएको ठाउँ पनि घोषणा भाको यसको लागि सरकारले एक खर्व रुपैया सरकारले छुट्याएको छ यो चाहि नेपालको इतिहासमा पहिलोपटक चाहि भाको यो एतिहासिक कदम हो । स्वास्थ्यको क्षेत्रमा यति ठुलो संरचनाको लागि पूर्वाधारहरुको लागि यति ठुलो रकम विनियोजन गरेको अब त्यो चाहि भवन बनाएर मात्र हुन्छ । १५ सैया, १० सैयाको भवन बनाएर मात्रै हुन्छ त । १५ सैयाको लागि चाहिने जनशक्तिको पनि आँकलन गरेर नेपाल सरकारले यो गर्‍या छ । जनशक्ति एकपटक स्वीकृत गरिसके पछाडि त्यो चाहि हाम्रो माथि बाट नै रकम आउने हो । थप चाहि प्रवन्ध गर्नुपर्ने बल्ल पालिकाहरुले गर्ने कुरा हो । यस्मा चाहि ठुलो व्ययभार खर्च हन्छ भन्ने कुरा पनि हाम्रले बुझ्न पर्ने हुन्छ । तर हामीले केहि गरेन भन्छौ । एक त आजै बनाको अस्पतालले आजै उपचार त दिदैन होला । तर हामी कुन ठाउँमा थियौ र कुन ठाउँमा गइराछौ जुनबेला नेपालमा कोभिड शुरु भाथ्यो, सायद उहानबाट आको एउटा नेपाली विधार्थी जो विरामी भएर आको थियो पोजेटिभ देखियाथ्यो त्यो विरामीको स्वाप कहाँ लगेर  उपचार गरेको एकपटक फर्केर हेरौ न माननीयज्यूहरु, म माननीय सभामुख मार्फत के अनुरोध गर्न चाहान्छु भने देखि उहानबाट आको विधार्थीको

स्वाप चाहि हङकङमा लगेर हङकङबाट त्यसको रिजल्ट लिएर आको हो । त्यो ठाउँमा थियौ हामी । एकजना पनि यो कोभिड भाइरसको चाहि परिक्षण गर्ने ल्याप थिएन हामीसँग, जनशक्ति थिएन हामीसँग आज ४० भन्दा बढी ल्यापहरु स्थापना भैसक्यो । आज ह ाम्रो प्रदेशमा पनि दुइटा ल्याप भव्यताका साथ संचालन भैराछ । दुइटा हाम्रले स्थापना गरिराछौं । यो के कुनै परिवर्तन होइन । यो केहि नगरिकन बस्या हो यो । केहि नगरि बस्या भए यो परिवर्तन संभव छ । यो व्यवस्थापन गर्न संभव छ । गर्‍यो नि त शुन्य भा ठाउँमा यो पुर्‍या गर्‍यो भन्न पर्दैन । अनि केहि भएन भनेर भन्न मिल्छ र  लोकतन्त्र भनेको विरोधै गर्ने भन्ने हो र । गर्‍या कुरो त राम्रो पनि भन्नुपर्ने होला नि । त्यसकारणले यो चाहि साथसाथै अब यो यसैसँग जोडेर हामीले के भन्यौ भने देखि यसैसँग जोडेर नेपाल सरकारले गरेको अरु त्यत्रो औषधि त्यत्रो इक्युमेन्टहरु सारा आयो होइन, त्यो त संघ सरकारले पनि पठायो अहिले कतिपय अस्पतालहरु सुढृढीकरणका लागि पैसा दिया दिऐ छ । हाइडिफेन्डेन्सी युनिटहरु सप्पै चाहि कम से कम पन्ध्र सैयाको अस्पतालमा मिनिमम् २५ सैया २४ सै घण्टा अक्सिजन के रे सप्लाई हुने बेडको रुपमा स्थापित गर भनेर एच डी युनिट खोले सप्पै जिल्लाहरुमा एच डी युनिट खोल्ने अभियान शुरु भो । अहिले हाम्रो त्यहाँ चाहि के रे स्वरु अस्पतालमा जानुस् ३० बेड त अक्सिजन सप्लाई हुने बेड चाहि स्थापना गर्‍या छौ । आइसीयूको ५ बेड अलग्गै कुरा हो । हामी धौलागिरीमा जानुस् सबै जिल्ला अस्पतालहरुमा जानुस् यो अभियान जारी छ । अब त यो कोभिड मात्रे होइन अरु त्यस्तै स्वास प्रश्वासको त्यस्तै चाहि केसहरु आयो भने अक्सिजन कम भएर आयो भने लेक लागेर मान्छेहरु आयो भने त्यसको उपचार गर्ने हाम्रे आधारहरु तयार गरेको छ । यो कुनै परिवर्तन होइन यो । आधारभूत परिवर्तन हो यो । ठुलो आमुल परिवर्तन हो स्वास्थ्य क्षेत्रमा । साथै गण्डकी प्रदेश सरकारले के पनि गर्‍यो भने देखि हाम्रो प्रदेशको सप्पै अस्पतालहरुमा अक्सिजन प्लाट स्थापना गर्ने भन्यौ सप्पै जिल्ला अस्पतालमा अक्सिजन प्लाट स्थापना गर्न प्लानमा छ । धेरै ठाउँमा शुरु भैसक्यो । एक दुई ठाउँमा बाँकी छ । त्यो किन एचडियुले त्यहाँ

स्थापना गर्नी अक्सिजन प्लाट बाहिरबाट ल्याउनुपर्ने हो भने सिलिन्डरमा भएकोले सकियो भने के हुन्छ मान्छे मर्छ मान्छेको जीवन पनि सकिन्छ । त्यसकारणले २४ सै घण्टा आफ्नै अस्पतालमा उत्पादन गरेको अक्सिजनबाट बिरामीको उपचार गर्न सकियोस् आफ्नो आइसियु बेडमा त २४ सै घण्टा त्यसको प्रवन्ध होस् ए जिरो युनिटमा चाहि २४ सै घण्टा उपलव्ध होस् अक्सिजन भनेर अक्सिजन प्लाटहरुको यो पनि आमुल परिवर्तन हो स्वास्थ्यको क्षेत्रमा । यी कामहरु गरिराकाछौ । स्वास्थ्य क्षेत्रको सुढृढीकरणका लागि हाम्ले आइसियु बेडहरुको स्थापना पनि गर्ने कुरा पनि गरिराछौ । आइसियु बेडको स्थापना पनि भैराछ । तर बेड स्थापना गरेर मात्रै होइन बेडमा विरामी सुतार मात्रै होइन विरामीको उपचार गर्ने विशेषज्ञ डाक्टरहरु पनि चाहियो । अनि नर्सहरु चाहियो । विशेषज्ञ डाक्टरहरु त्यसै आउदैन अहिलेको यो ४०,५०,६०हजारमा विशेषज्ञ डाक्टरहरु आउछ ? हामीले गण्डकी प्रदेश सरकारले एउटा के रे इन्सेन्टीभको लागि अर्को कार्यविधि बनाउदैछौ । हाम्रा डाक्टरहरुलाई २लाख ३ लाख, ५ लाख, १ लाख कति दिने त्यस्तो चाहि कुनै सुविधाहरु दिएर हाम्ले यहि राख्नुपर्‍यो । हाम्रै जिल्लाहरुमा राख्नुपर्‍यो, हाम्रै पालिकाहरुमा राख्ने स्थिति बनाउनु पर्‍यो । हाम्रै सरुवा रोगहरुमा राख्नुपर्‍यो काठमाडौ होइन पोखरामै आएर बस्ने स्थिति बनाउनु पर्‍यो । त्यो अभियान कसैले सोच्याछ । हामीले गर्‍याछौ नि त त्यो पनि केहि होइन । त्यो पनि गरेको हो । यही कुराको जानकारी दिनको लागि पनि यो विशेष अधिवेशनले महत्वपूर्ण योगदान दियो भने विशेष अधिवेशन बोलाउने साथीहरुलाई यसकारणले म धन्यवाद दिन चाहान्छु । यो कुरा आज जनताको सप्पैले सुन्न पाउने भयो । प्रतिपक्ष सत्तापक्ष सप्पैको जानकारीमा हुने भो । मिडियाहरु यहाँ आएर बस्याछ मिडियाहरुलाई जानकारी हुने भो गण्डकी प्रदेशको २५ लाख जनसंख्याले थाहा पाउने भो । गण्डकी प्रदेश भन्दा बाहिरको अरु जनताले पनि थाहा पाउने भो । त्यसकारणले यी कुराहरु चाहि त्यसकारणले हामीले यो समस्या समाधानको थलो संसद बनाउदाखेरी यसले महत्वपूर्ण परिवर्तन दिन सक्छ भनेर चाहि आज हामीले छलफल चलाई राख्याछौ र  अन्तिममा म के भन्न चाहान्छु भने देखि

सरभाइवलखालको कुरा छ तपाईहरुसँग मैले भन्नुपर्छ म यसमा चाहि ढिलो भएकोमा मेरो कमजोरी भएको छ । तर हाम्ले नगरेर ढिलो भाको चाहि होइन । हाम्रो सिप्टमै यस्तो छ, एउटा विषयमा तपाईलाई म भन्न चाहान्छु, हाम्रो राप्ट्बैकले यसको सबै अनुगमन  गरिदिनुपर्ने कमर्सियल बेकहरुलाई यो के रे रकम लगानीको लागि भन्नुपर्ने उनीहरुसँग हाम्रो लामो छलफल भयो कसरी कार्यान्वयन गर्ने भनेर छलफल भयो । उनीहरुलाई हाम्रो सेवा गरिदिए बापत काम गरिदिएबापत कति परसेन्ट दिने त्यस बारेमा पनि हाम्रो लामो छलफल भयो । उनीहरुको धेरै परसेन्ट भो घटाउनुपर्ने खोज्दा खोज्दै त्यहाँ पनि धेरै भयो । अनि यो  चाहि व्याज चाहि हामीले तिरीदिन्छौ भन्याछौ त्यो व्याज तिर्ने कुरामा पनि होइन बैकले कुनै न कुनै व्याज लिनैपर्छ भन्नु भो । हाम्ले के भन्यौ यो कोभिडको कारणले ल्याएको फण्ड हो यो । त्यसकारणले हामीले राहतको लागि ल्याएको फण्ड हो । म त व्यक्ति व्यक्तिलाई २ लाख, ३ लाख, ५ लाख, २० लाख, ३० लाख दिन चाहान्थे तर विधि प्रक्रियाले त्यो चाहि व्यवहारिक नदेखिएको हुनाले त्यो साइन्टीफिक पनि नदेखिएको हुनाले हामीले ऋण चाहि उनिहरुले लियोस् साँवा उनीहरुले लियोस् हामीले व्याज तिरिदिने हो । अनि ३ वर्षभित्र साँवा उसले तिर्ने गरेर ३ वर्षसम्मको व्याजको ग्यारेन्टी बैकलाई हाम्ले दिने हो । प्रदेश सरकारले तिरिदिने भनेर त्यसमा एक दुई परसेन्ट त लिनैपर्छ ऋणीसँग व्याज लिनै पर्छ भन्या हुनाले यसमा लामै छलफल भयो । र आखिरी चाहि हामी कार्यविधि बनाउने बेलामा मैले चाहि भने, एक पैसा पनि लिन्नौ हामी । यहि एक परसेन्ट लिदाखेरी एक अर्व व्याज लगानी गर्दाखेरी हाम्रो एक करोड चाहि पैसा आउछ । एक करोडको लागि प्रदेशले एउटा म्यासेज दिन खोजेको हो जनतालाई के तिमिहरुको दुखमा हामी साथ छौ । जनताको यो दुखलाई हामी समस्या समाधान गर्न चाहान्छौ । गण्डकी प्रदेश सरकार, गण्डकी प्रदेश सभा यो विषयमा एकदमै संवेदनशील छ भन्ने सन्देश पनि त दिनु छ हामीले । जनतालाई पनि यसमा कन्भिस् गर्नुछ यसकारणले गर्दाखेरी हामीले र्निवियाजे भनौ न र्निविव्याजे किसानहरुलाई चाहि हामीले व्याज तिरिदिने भन्याछौ । तीन वर्षभित्र उहाँले साँवा तिर्नुपर्छ । साँवा

भुक्तानी गर्ने पनि प्रक्रियाहरु छ यो स्थिति अझै सुधरिएर भने फेरि एक वर्ष थप्ने कि अवधि त्यो पनि हामीले कार्यविधिमा राखेकै छौ त्यो पनि थप्न सक्छौ । परिस्थिति सुर्धेन भने हामीले भनेको ३ वर्षभित्र तिर्न नसक्ने पनि हुन सक्छ साँवा हाम्रो चाहि आशा के छ भने एक अर्व ऋण लगानी गर्दाखेरी दश अर्वको लगानी हुन्छ भन्ने हो । यो चाहि कोभिड क्षेत्रसँग जोडिएको सार्वजनिक यातायातको क्षेत्र, उधोग क्षेत्र, कृषि क्षेत्र लाई जोड दिएका छौ बढी हामीले । यसमा चाहि बढी जोड हाम्रो पर्यटन क्षेत्रै हो । दोश्रो जोड हाम्रो सार्वजनिक यातायातको क्षेत्र हो । तेश्रो हाम्रो उधोगहरु छन । चौथो हाम्रो कृषी क्षेत्रसँग जोडिएका विषयहरु हुन । यसमा पनि हामीले यो एक अर्व चाहि अब कार्यविधि पनि लगभग पास भाछ । तर हिजो अस्ति मात्रै एउटा प्रोग्राममा जाँदाखेरी अर्को अनुभूति भो जनताबाट धेरै सहि कुराहरु आउछ । उनीहरुले भने नेपाल सरकारले पुर्नकर्जा भनेर ५० अर्ब छुट्यायो। ५० अर्ब बाट छुट्टीने के रे कर्जाले यस्तो कार्यविधी जटिल बनाइदियो हामी मध्यम खालका दश बीस करोड ३०,४० करोड लगानी गरेका सप्पै छुट्ने भयौ । ५० करोड या १ अर्ब या २ अर्ब या ३ अर्ब चाहि लगानी व्यवसाय गर्ने होटल व्यवसायी मात्रै यस्मा पर्ने भयौ या त्यस्ता उधोगीहरु मात्र यसमा पर्ने भयो । हामी बीचमा चाहि तपाईको एक बर्षमा एक दुई करोडको व्यवसाय गर्ने हामी फेरि छुट्टीयौ । मझौला खालको जति सप्पै छुट्याउ भन्ने भाछ । हामीले के भन्याथ्यौ ५० हजार देखि ५ लाख सम्मको एउटा कोलम, ५० लाख देखि १० लाख सम्मको एउटा चाहि खण्ड एउटा क्याटगरी ५० हजार देखि १५ लाख सम्मको एउटा क्याटागोरी गर्याथ्यौ हामीले त्यो चाहि उधोग व्यवसायको क्याटोगरीको आधारमा । बढीमा चाहि एक वर्षमा ५० हजारको कारोवार गर्ने -हरुलाई १५ लाख दिने भन्याथ्यौ । तर कता कता एक वर्षमा एक करोड या दुई करोड कारोवार गर्नेहरुलाई पनि हाम्ले समेट्ने हो कि त्यसो गर्दा हामीले चाहि एक करोड ऋण लियो भने हामीले १० लाख तिरिदिनुपर्ने हुन्छ १० लाख १० परसेन्टमा मिलाकाछौ होइन ९, १० परसेन्टमा १० परसेन्ट होइन ३० लाख रुपैया दिनु पर्यो हाम्ले उसको लागि व्याज तिरिदिनु पर्यो । तर त्यसो गर्दा

उसले के रे १ करोडको २ करोड २ करोडको ४ करोड को काम पनि गर्न सक्छ भने उसले यो चाहि जुन कोभिडले उसको तहसनहस भको थियो त्यसलाई चाहि जीवित गराउन सकियो भने पहिला जिवित सर्भाइभ हुने कुरो त्यस पछि रिभाइजको कुरो आउला त्यसपछि हाम्रो चाहि तपाईको समृद्धिको कुरो आउला के त्यसकारणले पहिला हामी सर्भाइभको क्षणमा भाको हुनाले बचाउनु पर्‍यो त्यो क्षेत्र छोडेर नजानलाई उनीहरुलाई त्यहि ल्याउन पर्‍यो ता कि त्यसले हाम्रो आर्थिक वृद्धिदरमा योगदान पुर्‍याउछ, रोजगारी सिर्जना गर्ने कुरामा योगदान पुर्‍याउछ, गरिवी निवारणमा योगदान पुर्‍याउछ, उत्पादन र उत्पादकत्व बढाउने कुरामा योगदान पर्‍याउछ भनेर भनिराछौ । यो सप्पै चिज चाहि हाम्ले गरिराछौ तर यो अब हाम्रो यही हप्तामा हाम्ले दरखास्त आवहान गर्ने भन्याछौ दरखास्तआवहान हुन्छ त्यसमा कसरी आउछ अहिले चाहि १५ लाखसम्म भन्याछ मलाई लाग्या चाहि ५० लाखसम्म दिन पाए हुन्थ्यो भन्ने छ । ५० लाख सम्मको कृण दिन पाइयो भने ५ लाख हाम्ले तिरिदिने हो एक वर्षको । त्यस्तो चाहि तपाईको एक अर्बको हाम्ले लगानी गर्ने स्थिति बन्छ नि त । हाम्ले यो पनि सल्लाह गर्‍याछौ एक अर्बले पुगेन भने फेरि दुई अरब जतिको माग आयो भने त्यो पनि के गर्नपर्छ भनेर हाम्ले छलफल चलाउनुपर्छ भन्याछौ । जनताको रिभ्याभको लागि यो काम गर्नुपर्छ भनेर यति सिरियस्ली यति गंभिरतापूर्वक यति महत्व दिएर यो कोभिड १९ को कारणले तपाईको आहात भएका हाम्रो व्यवसायीहरुलाई उधमीहरुलाई कसरी चाहि राहत दिने लागेको सरकार हामी मात्रै हो । यद्दपी अरु पनि भन्या छ यति दिने भनेर तर उनीहरुको व्यवस्थित स्थितिले आएको ढाँचा चाहि होइन । सर्भाइवल फण्डकै माध्यमबाट नेपाल सरकारले एउटा पुर्नकर्जा कर भन्यो हामीले सर्भाइवल फण्ड भन्यौ उनीहरुले पुर्नकर्जा फण्ड भन्यो त्यति फरक छ त्यसकारणले गर्दाखेरी यसबाट हेरर पनि धेरै कुरा सिकेका छौ । उनीहरुले गरेका कमजोरीहरुको बारेमा पनि शिक्षा लिएर अगाडि बढ्ने काम गरिराछौ । अ,,, यति कुरा यहाँहरु समक्ष राखेर फेवातालको पनि कुरा उठ्यो । हाम्रो यो बहुसांस्कृतिक

ग्रामको अहिले सम्म जग्गा खोज पहिचान नभको कारणले गर्दाखेरी कहाँ जाने भन्ने कुरा नभाको हुनाले अहिले पनि अलमलमै छौ । बाँकी हाम्रो कम्पेल्सक हलको लागि जग्गा पहिचान गर्याछौ त्यसको प्रक्रिया अगाडि बढीराख्याछ । हाम्रो ईनटरनेशनल एकेडेमी तल तपाईको जग्गा प्राप्त भएर त्यसको अहिले यो वर्ष हाम्ले डीपीआर बनाउदै छौ र त्यसको तट्बन्दको लागि काम गर्देछौ । अरु चाहि हाइअल्चीयुटको लागि पनि जग्गा प्राप्तिको क्ममै छौ । यति धेरै दुख पाकाछौ हामीले पोखरा औधोगिक क्षेत्र जो चाहि तपाईको कुडीटारमा हुन्छ अर्को लोकाखोलाको औधोगिक क्षेत्र यसको लागि पनि जग्गाको कुरा अलि अति चाहि नापी गरेर सर्वे गरेर पठाउनुपर्ने भा हुनाले दोहोरो तहोरो भैराछ । यसको पनि अन्तिम अन्तिम चरणमा पुग्याछौ । आइटी पार्कको जग्गा प्राप्त गर्ने कुराको अन्तिममा पुग्याछौ हामीले । गण्डकी युनिभरसीटीको को जग्गा प्राप्ति गर्ने कुरा आधा प्रक्रिया फेरि प्राप्त गर्ने चरणमा छौ । यसको पनि डीपीआर हुन हामी काममा अघि बढिराख्या स्थिति छ । फेवातालको चाहि हामी यो बर्ष चाहि हाम्रो पहलको कारणले एउटा समिति बन्या छ अहिले पुन्य पौडेलको संयोजकत्वमा एउटा चाहि फेवातालको सिमांकन, नक्शांकान लागि सिफारिस गर्न समिति एउटा समिति बन्याछ तेले आफ्नो काम गरिराख्याछ । सायद तीन महिनाभित्र यो काम सक्छौ हामी । यो समितिले नक्शांकन र सिमांकनलाई सिफारिस गरिसके पछाडि नेपाल सरकारले यसको निर्णय गर्छ । यो निर्णय गरिसकेपछि फेरी मौआव्जाको लागि त्यसको तीन महिना पछि काम हुन्छ । मौआव्जाको सप्पै निर्धारण गरेर कति मुआव्जा लाग्छ मुआव्जाको लागि नेपाल सरकारले तिर्नुपर्‍यो । हामी पनि थोरै थोरै सहभागी हुनुपर्छ महानगर पनि सहभागी हुनुपर्छ । कहिल्यै नसुल्झिएको फेवाताल समस्या यहि पटक हाम्रो चाहि सरकारले यो संघीय शासन प्रणाली आइसके पछाडि यो समाधान गर्ने कुरा पनि आफैमा ऐतिहासिक महत्वपूर्ण काम हो भन्ने लाग्छ मलाई । अ,, यो काममा हामी गर्देछौ । र अर्को चाहि बेरुजुको रकम चाहि एक अर्ब सायद ६५ करोड होला हाम्रो त्यति बेरुजु छ धेरै बेरुजु भको दोश्रोमा हामी थियौ । दोश्रो नं. २ नं. पछाडि गण्डकी प्रदेश थियो । गण्डकी प्रदेशमा चाहि कहिले

काही जुन गोरु हिड्छ त्यसैलाई पुच्छर निमोठ्छौ । हाम्लाई पनि भको तेही हो। बहुवर्षिय योजनाहरु धेरै थिए हाम्रा अरु भन्दा त्यसमा हाम्रो लगानी धेरै थियो । बहुवर्षिय योजनाहरुमा हाम्रो पहिलो वर्षको लगानी जुन चाहि रकम विनियोजन भाथ्यो, त्यो रकम चाहि फछ्र्योट नभा हुनाले हाम्रो एक अबै ४५ करोड त भौतिक पूर्वाधारमा मात्रै होइन, त्यति चाहि हाम्रो थियो त्यसको करिव चाहि प्रथम चौमासिकमा समीक्षा गर्दा ६७ परसेन्ट त्यसको बेरुजु रकम चाहि फरफार भैसकेको स्थिति थियो । अलिकति अरु चाहि केरे अ,, मन्त्रालयहरुमा जुन चाहि यो बेरुजु रकम छन बेरुजु रकम धेरै किसिमको हुन्छन  पेश्की बेरुजु, भौतिक पूर्वाधारको सप्पै पेश्की बेरुजु थियो । केहि चाहि तपाईको नियमित गर्नुपर्ने भन्ने हुन्छ । कागजहरु यताउता डकुमेन्ट मिलाउनुपर्ने निर्णयहरु चाहि मिलाउनु पर्ने हुन्छ अनि असुल उपर गर्नुपर्ने भन्ने खतरा हो । असुल उपर गर्नुपर्ने भन्ने कुरा पनि हामीले असुल उपर गर्दे माथि चाहि पठाउदै त्यसलाई संपरीक्षण पनि गराउदै छौ हामी । तर असुल उपर गर्ने भन्ने कुराहरु चाहि कहि बाट पुष्टी भएन भने हामी त्यो पुस्टाई गर्न सकेनौ भने खर्च गर्ने

व्यक्ति वा संस्थाले नै त्यो तिनुपर्ने हुन्छ । यो रकम चाहि हाम्रो ५,६ करोड जति भको अलिकति घटाकाछौ त्यसमा पनि त्यसकारण यो बेरुजुको रकमबाट हामी एकदमै चिन्तित भएर मुख्यसचिवको नेतृत्वमा एउटा समिति नै बनाएर हरेक महिना बेरुजु रकम कति फछ्र्योट हुदै गयो भनेर हाम्ले मुल्यांकन गर्ने, त्यसको अध्ययन गर्ने, संरक्षण गर्ने काम पनि गरिराख्याछौ । यो अर्को वर्ष यो २०७५।७६ सालको हो ।  अब ७६।७७ को यो बर्ष कस्तो आउछ त्यो पनि हेर्न बाँकी छ । ७७।७८ को त अर्को बर्ष आउने होला । यस हिसावले बेरुजु फछ्र्योटको हिसावले पहिले हाम्रो बेरुजु बढी देखिएता पनि बढी फछ्र्योट गर्ने प्रदेशको रुपमा हामीले हाम्रो प्रदेशलाई स्थापित गर्ने कुरामा हामी लागिराछौ । यसमा हाम्लाई विश्वास छ । यति कुरा यहाँहरु समक्ष राखेर फेरि म के अनुरोध गर्न चाहान्छु भने देखि हामी एउटा शासन प्रणालीकै पक्षमा छौ । अब हामी यहि चाहि संसदभित्र संघीयता बेठीक हो, यले मुलुकलाई धान्न सक्दैन,

यो आवश्यक छैन भन्ने पनि छौ हामी । संविधान बनाउदाखेरी यो कुरा प्रकट भाथ्यो । हामी संघीयताको पक्षधरहरु पनि छौ यहाँ । हामी सप्पेले एकैदिनमा यो संघीयता बुझ्ने संघीयता जादुको छडी हो भन्ने ढंगले पनि बुझ्याहोला कतिपयले संघीयता जादुको छडी थिएन, होइन । संघीयताले अरु व्यवस्थाको तुलनामा बढी चाहि संयोजनको लागि समावेशीको लागि या चाहि तपाईको असमनताको बीच समानतालाई घटाउनका लागि बढी चाहि स्पेश दिन्छ, बढी विकल्पहरु दिन्छ भन्ने कुरामा चाहि विशेष छनोट गरेर हाम्ले यो चाहि संघीयता छनौट गर्‍या हो । त्यसकारणले संघीयताले पनि सबै कुराहरु चाहि नदिन सक्छ फेरि पनि यो चाहि भर्खरै जन्मिएको संघीयताले अहिले नै तपाईको यो हिडेन, अहिले नै यो चाहि बोलेन, अहिले नै यो चाहि दौडेन भनेर परिकल्पना गर्ने कुरा अलि हतारो हुन्छ कि भन्ने लाग्छ मलाई । हाम्रो संघीयताले यो २,३ वर्षभित्र जे चाहि परिणामहरु दिन खोज्याछ त्यो वास्तवमा अरु मुलुकहरुको इतिहास हेर्दाखेरी अरु मुलकको यसमा कार्यान्वयनको गति हेर्दाखेरी हाम्रो गति कमजोर होइन । तर हामीलाई चाहि धेरै चाहियाछ छिटो चाहियाछ त्यसकारणले हामीले यो चाहि असंतुष्टी जनाइराछौ कम भो भन्याछौ। त्यसकारण यो सप्पै कुराहरु यदि संघीयता नआएको भए यो कोभिडको यो उपचारको क्रममा हाम्ले ठुलो चाहि हलचल व्यहोर्नु पर्थ्यो होला । त्यसकारणले गर्दाखेरी यसले चाहि तीन तहको सरकारले क्वारेनटाइन एउटाले बनाउने, आइसुलेशन अर्कोले बनाउने, जनतालाई राहत एउटाले दिने, माथिबाट इक्वीमेन्टहरु पठाइदिने यो सारा सारा अन्तराष्ट्रिय शक्तिहरु मिल्दाखेरी त यो चाहि स्थिति बन्यो । हामीले माथि सप्पै कुरा माथि काठमाडौबाट निरीक्षण गरेर काम गर्नु परेको भए हाम्रो के हालत हुन्थ्यो हामी कल्पना मात्रै गर्न सक्छौ । त्यसकारण त्यतातिर पनि हामी फर्केर हेरौ होइन, संघीयताले दिएका उपलब्धीहरु संघीयता आको हुनाले नै हामी यहाँ संसदमा छौ सांसद भएर यो चाहि आफ्नो प्रदेशको बारेमा छलफल चलाउने अवसर हामीलाई यसरी मिलेको छ । हामी केन्द्रिकृत शासन प्रणालीमा एकात्मक ढाँचाको राज्यमा यो चिजको कल्पना पनि गर्न सकिन्न । त्यसकारणले गर्दाखेरि हाम्रोँ समाजको जुन

डाइभरसिटी छ, समाजको तपाईको जुन असमान अनइक्वायल ग्रुपहरु छन या वर्गहरु छन, त्यसलाई म्यानेज गर्नको लागि समाजमा जो डाइभरसिटी छ सांस्कृतिक जो डाइभरसिटी छ, भौगोलिक जो असमानता छ, वर्गिय जो असमानता छ यी सबै चिजलाई संबोधन गर्नको लागि पनि उपयुक्त ठाउँ दिन सक्छ उपयुक्त तपाईको के रे आधारहरु दिन सक्छ संघीयताले भनेर हामीले संघीयता अवलम्वन गरेको हो नि । त्यसकारणले संघीयता माथि अहिल्यै नै प्रश्न उठाउने बेला भा छैन भन्छु मैले र नेपालमा संघीयता अझ चाहि के रे हामी कहिले कहिले सुन्छौ माननीयहरु बोलिराख्या हुन्छ संघीयता के रे खारेज गरिदिए हुन्थ्यो । संघीताको खारेज अहिलेको समस्याको समाधान हो र होइन नि । संघीतालाई अझ प्रभावकारी ढंगले कार्यान्वयन गर्ने अहिलेको आवश्यकता हो, अहिलेको समस्याको समाधान हो । त्यसकारण त्यस रुपले लाग्नुपर्छ भन्ने मलाई लाग्छ । र आज हामी यो विशेष अधिवेशनमा जुन रुपमा छलफल गर्नको लागि हामीले संकल्प प्रस्तापको रुपमा साझा संकल्प प्रस्ताव सत्तापक्ष प्रतिपक्षको साझा संकल्प प्रस्तावको रुपमा हामीले यो कोभिड १९को नियन्त्रण र उपचारको विषय बनाएका छौ, त्यसको रोकथाम, त्यसको नियन्त्रण उपचार कसरी गर्ने अब त भ्याक्सीनहरु आइसक्यो । भ्याक्सीन किन्न खरिदको लागि नेपाल सरकारले कमिटी बनाएर काम पनि गरिराख्याछ विभिन्न संस्थाहरुसँग कंपनीहरुसँग कुराकानी भैराछ । कुन चाहि कंपनीको भ्याक्सीन डब्लु एच ओ ले सिफारिस गरेको भ्याक्सीन चाहि हाम्रो मुलुकलाई उपयुक्त हुन्छ त्यो पनि चाहि ठाउँ छदैछ । अनि कुन भ्याक्सीन के रे कुन चाहि कति माइनस ५ डिग्री सेल्सीयसमा राख्ने भ्याक्सीन आउछ कि माइनस ८० डिग्रीमा राख्ने भ्याक्सीन आउछ कि माइनस ५० डिग्रीमा राख्ने भ्याक्सीन आउछ कि त्यसको आधारमा हाम्ले यहाँ ल्याप बनाउनुपर्ने हुन्छ र गण्डकी प्रदेश सरकारले अहिले चाहि के रे पश्चिमाञ्चल क्षेत्रिय अस्पतालको हाताभित्रको एतापट्टीको उतापट्टीको मुल सडकको छेउको र एतापट्टीको बीचको सडकको चाहि लामो तान भको एउटा ठाउँ छ हो त्यसमा चाहि हामीले चाहि यो ल्याप बनाउने भनेर हामीले प्रस्ताव गरेर नेपाल सरकारसँग पठाइसक्याछौ । नेपाल सरकारले यो प्रस्तावको

उपर चाहि त्यो भ्याक्सीन चाहि राख्नको लागि के रे संरक्षण गर्नको लागि चाहिने बजेट पनि दिन्छु भनेर आश्वासन पनि दिएको छ । त्यसकारणले जग्गा पनि तपाईले भोग अधिकार पनि हाम्लाई दिनुस् अथवा त्यहाँ बनाउने भनेर निर्णय गरिदिनुस् पैसा पनि पठाइदिनुस् यो सबै गर्ने काम सबै व्यवस्थापन गर्ने काम सबै डिस्ट्रीबुशन गर्ने
काम यसो यसो गर्ने काम पनि गर्छौ । भ्याक्सीनेशन कसरी दिने भनेर हाम्ले पलानिङ् गर्ने भनेर मन्त्रालयलाई निर्देशन दिइसक्याछु । हाम्रो नेपाल सरकार पनि एउटा प्रोटोकल बनाउदै छ, क्याटोगोरी छुट्याउदै छ पहिलो यो अस्पतालमा काम गर्ने कर्मचारीहरु या फर्न्टलाइनमा काम गर्ने सुरक्षाकर्मीहरु या ७० बर्ष माथिका हाम्रो जेष्ठ नागरिकहरु या १० वर्ष तलका बच्चाहरु या दीर्घरोगीहरु जो औषधि लिइराख्या हुन्छन फर्स्ट फेजमा तिनीहरुको भ्याक्सीनेशन त्यस पछाडि त्यस्तै त्यस्तै प्रकारले चाहि दोश्रो फेजमा फलानो तेश्रो फेजमा फलानो टाइपको भनेर चाहि यो काम पनि नेपाल सरकारले बनाउदै छ त्यसमा आधारित भएर  हामी पनि बनाउदैछौ । फेरि पनि यही विषयमा छलफल हुदाखेरी फेरि पनि हामी विस्तृत रुपमा छलफल गरौला । यसलाई यसरी व्यवस्थापन गर्ने भनेर हामी संकल्प गरौला । यो कुरामा हाम्रो विशेष अधिवेशनलाई सफलता मिलोस्। सबैको सार्थक योगदानको म हार्दिक अनुरोध गर्दै माननीय सभामुखज्यु जसले यो आज यो विशेष अधिवेशनमा दलका नेताहरुलाई बोल्ने अवसर दिएर विभिन्न दलको धारणा बुझ्ने अवसर पनि हाम्रो प्रदेश सभालाई भो र हामी जे चाहि साझा संकल्प गर्‍याछौ चारै दलले एउटा साझा संकल्प गर्‍याछौ । चारै दलले एउटै संकल्प गर्‍यो कोभिड १९ को विरुद्धमा लड्नको लागि यो आज यसको पछाडि चाहि एउटा संकल्प चाहि यो हाउसबाट पारित गरेर अगाडि बढ्नेछौ र अरु चाहि तत्कालका सार्वजनिक महत्वका विषयहरुमा पनि छलफल चलाएर यो चाहि सरकार र प्रतिपक्ष बीचको एउटा समझदारी यो विशेष अधिवेशनमा सिर्जना गर्ने काम निर्माण गर्ने काम हामी गर्ने कुरामा तपाईको जुन भूमिका रह्यो त्यसमा चाहि

माननीय सभामुखज्युलाई धेरै धेरै मेरो दलको तर्फबाट सरकारको तर्फबाट पनि आभार व्यक्त गरेर म आफ्नो भनाई टुंग्याउन चाहान्छु । धन्यवाद ।

## माननीय सभामुख

माननीय सदस्यहरु, अब यो बैठक मिति २०७७ साल ९ महिना २६ गते दिनको १ बजेसम्मको लागि स्थगित हुन्छ ।